ढाँचा

WaterAid

समानता र समावेशीकरण

अधिकारमा आधारित पद्धति

वाटरएडको प्रतिवेदन

अंग्रेजि लेखक : लुईसा गोस्लीङ्ग
नेपाली रुपान्तरण: वाटरएड नेपाल

विषय सूचि

प्राक्कथन गिरिश मेनन.....२-३

विषय प्रवेश र संक्षिप्त परिचय.....६-७

भाग १ वाटरएडको दृष्टिकोण र पद्धति.....६-१९

१ अधिकारमा-आधारित पद्धतिमा समानता र समावेशीकरण.....६-७

२ अधिकारमा-आधारित पद्धतिमा समानता र समावेशीकरणवारे वाटरएडको अवधारणा..... ८-१२

३. यस ढाँचालाई व्यवहारमा लागुगर्दा आईपर्ने चुनौतीहरुबाट वाटरएडलाई पर्ने प्रभाव.....१३-१९

भाग २ समानता र समावेशीकरणका मापदण्ड तथा सूचकहरु..... २०-२६

१. वाटरएडको लागि समानता र समावेशीकरणका मापदण्ड तथा सूचकहरु.....२०-२६

भाग ३ : शब्दावलीको व्याख्या तथा उदाहरण..... २७-३९

१. शब्दहरुको व्याख्याः उपेक्षा गर्नु (उपेक्षित), सिमान्तकृत, जोखिममा पर्न सक्ने, समावेशीकरणको सामाजिक नमूना.....२७-३०

२. पानी र सरसफाइको सन्दर्भमा सिमान्तकृत वर्गहरुको उदाहरण.....३०-३८

कृतज्ञता ज्ञापन.....३९

प्राक्कथन

बितेका केही दशकमा हामीले विश्वमा ठूला-ठूला प्रगति भएको देखेका छौं । धेरै बालबालिकाहरु विद्यालय जानथालेकाछन्, बालबालिका विरामी हुने र मृत्यु हुनेक्रम ओरालो लागेको छ, र समग्रमा व्यक्ति एवं घरपरिवारको आम्दानीको स्तर पनि बढेको छ । राजनैतिक इच्छा शक्ति हुनु, स्रोतहरु अझबढी मात्रामा उपलब्ध हुनु, बजारको पहुँच हुनु, विभिन्न किसिमका प्रविधीहरुको आविष्कार हुनु, जनचेतना अभिबृद्धि हुनु जस्ता विभिन्न पक्षहरुको सम्मिश्रणबाट यो प्रगति हुन सकेको हो । हुनत यस प्रकारको सुधार, उन्नतीले राम्रो प्रभाव पारेको छ, तर यसले विकासको प्रतिफल असमान रुपमा वितरण भएको कुरालाई व्यापक रुपले छोपेको छ । धेरैजसो मानिसहरु, बिशेषगरी अतिगरिब वर्गले आधुनिक युगमा भएका उन्नती-प्रगतिबाट लाभान्वित हुनसकेका छैनन् र तिनीहरुलाई विभिन्न किसिमका अवसरबाट बञ्चित गराइन्छ जसले गर्दा उनीहरु गरिबीबाट छुटकारा पाउन सकेका छैन्न ।

लिङ्ग, जात-जाती, उमेर, र अपाङ्ग जस्ता केही मूख्य कारणहरुले कतिपय व्यक्तिहरुलाई उपेक्षा गरिन्छ फलस्वरुप विकासको गति पनि कम हुदै जान्छ । यसैको आधारमा समावेस नगराउने तथा पानी र सरसफाइ लगायतका सेवा र अवसरहरुमा असमान पहुँच हुनु मानव विकासको लागि प्रतिवद्ध सबै संघ-संगठनहरुको लागि मूख्य चासोको विषय रहेको छ । विश्व बैंकले तयार गरेको विश्व विकास प्रतिवेदन २००६ अनुसार *समानता र विकास* को सन्दर्भमा गरिएको निचोडमा "असमानता र अवसर दुबै कुरा देशभित्र र बाहिर विभिन्न देशहरुमा व्याप्त रहेको छ, सेवा र अवसरबाट बञ्चित हुनु परेको कारणबाट मानिसहरुमा भएको सामर्थ्यता खेर गईरहेको छ फलस्वरुप यसले दिर्घकालिन रुपमा आर्थिक उन्नती र विकासलाई कमजोर तुल्याएको छ" भनी उल्लेख गरेको छ ।

समानताको विषयमा वाटरएड सधै नै गम्भिर रुपमा प्रतिवद्ध छ । सन् १९८१मा जब यो संस्था स्थापना भयो, हामीले काम गर्नको लागि त्यसबेला देखि अफ्रिका र एशिया महादेशमा रहेका विश्वका सबैभन्दा गरिब राष्ट्रहरु छनौट गऱ्यौं र त्यसमा पनि सीमान्तकृत वर्गलाई छनौट गऱ्यौं । हामीले पानी र सरसफाइका सेवाहरुलाई लैङ्गिक परिप्रेक्ष्यबाट बुझ्ने प्रयास सधै नै गरेका छौं । अहिले हामी उमेर, लिङ्ग, अपाङ्गता, एच.आई.भि./एड्स जस्ता कारणबाट उपेक्षित हुनुपर्ने जस्ता अन्य विषयहरुमा समेत जान्न-बुझ्न खोजीरहेका छौं ।

यी सबै अनुभवहरुलाई हाम्रो कार्यमा समेट्दै समानता र समावेशीकरणका सबै पक्षहरुलाई एकीकृत रुपमा सम्बोधन गर्न वाटरएडको विश्वव्यापी रणनीति २००९-२०१५ ले रणनैतिक दिशाबोध गरेको छ जसमा "मानिसहरुको जीवनलाई रुपान्तरण गर्ने" तर्फ हाम्रो दृष्टिकोण केन्द्रित छ । त्यसैले मानिसहरु अत्यावश्यक सेवाहरुबाट कसरी उपेक्षित हुन्छन् र यसले तिनीहरुको जीवनमा के कस्ता असरहरु पारेको हुन्छ भन्ने कुरा पनि हामीले बुझ्नु जरुरी छ । "जनताको अधिकार र पहुँचलाई" प्रवर्द्धन गर्ने र त्यसको सुनिश्चित गर्नु नै हाम्रो पहिलो उद्देश्य हो । यसको तात्पर्य समानता र समावेशीकरणका विषयहरुलाई सम्बोधन गर्न हामीले अधिकारमा आधारित पद्धति अपनाउनु पर्दछ ।

अब हामीमा समानता र समावेशीकरणको वारेमा एउटा साझा, एकीकृत र व्यवहारिक किसिमको धारणाको जरुरी हुन्छ जसलेगर्दा हामी र साझेदारी संघ-संस्थाहरुले आ-आफ्ना कामहरुमा यो विषयलाई सुत्रबद्ध गर्न सक्छौं । साथै हामीले यसलाई प्रभावकारी रुपमा स्वीकार गरेको कुरा सुनिश्चित गर्न पनि हामीलाई न्यूनतम मापदण्ड र सूचकहरुको जरुरी हुन्छ । समानता र समावेशीकरणको यस ढाँचाले ती आवश्यकताहरुलाई सम्बोधन गर्ने उद्देश्य राखेको हुन्छ । विगतका हाम्रा तथा अन्य संघ-संगठनका अनुभवहरुलाई समेट्दै यस ढाँचाको विकास गरेको छौं । सन् २००९ नोभेम्बरमा इथियोपियाको एडिस अबाबामा भएको समानता तथा समावेशीकरण सम्बन्धी अन्तराष्ट्रिय कार्याशालाले यसलाई अन्तिम रुप दिएको हो ।

यस कार्यमा धेरै व्यक्तिहरुले योगदान गरेका छन् । यसको विकास गर्नमा समानता र समावेशीकरणका सल्लाहाकार लुईसा गोस्लीङ्गले वाटरएडका कर्मचारी र बाह्य संगठनहरुबाट सल्लाह-सुझाव लिँदै १८ महिनासम्म निरन्तर रुपमा धैर्यताका साथ संलग्न भई विषयवस्तुको गहिराईमा पुगेर स्पष्टसँग मार्ग निर्देशन दिनु भएको छ । पूर्वी अफ्रिकी क्षेत्रका प्रमुख लिडिया जिगोमोले यसको स्वामित्व लिँदै यसको विकासमा नेतृत्व प्रदान गर्नुभयो र यसलाई आफ्नो संस्थामा लागु गर्नुभयो । समानता र समावेशीका विषयमा आफ्ना अनुभवहरु बाँड्न र कार्यशाला आयोजना गर्नमा कार्यक्रमका अधिकृत शमिला जान्जले मूख्य भूमिका निर्वाह गर्नु भएको थियो । क्षमता अभिबृद्धि सम्बन्धी नीति निर्माण अधिकृत मेरी कोनेल र अन्तराष्ट्रिय मानव अधिकार आयोजनाका व्यवस्थापक एडाम फर्स दुबैजना यसको मूख्य कार्यटोलीमा रहेर विषयवस्तुको वारेमा विवेचना गर्ने कार्यमा सक्रिय रुपमा संलग्न हुनुभयो । कार्यक्रम प्रभावकारिता इकाई प्रमुख जेर्री एडाम्स्ले लुईसाले निर्वाह गर्नुपर्ने भूमिकामा बिशेष सहयोग पुऱ्याउनु भएको थियो । समानता र समावेशीकरण कार्यटोलीका सबै सदस्यहरुको सक्रिय सहभागिता र तिनीहरुको भावनात्मक प्रतिवद्धता विना यो कार्य सम्भव हुदैन थियो जसमा बिशेषगरी विभिन्न राष्ट्रहरुका कार्यक्रम प्रमुखहरु- आरतुर मटाभेले, क्रिष्चीयन ऱ्याण्ड्रीयनएरिसोवा-रासोल, क्ल्यारिस बघन्यान, डेस्टिना समानी, हबर्ट काशीलिल्ह, इन्दिरा खुराना, जुवार्निटा डुरिङ्ग, महिडर टेस्फु, न्यान्सी मुकुमबुटा, गाबाहिला चटटा, ओम प्रसाद गौतम, पास्कालिन उड्यागो, पोनो फिस्टोन, क्वारटुलेन सिद्धिकी, रोजी ह्वोन, साराहा मुजाकी, शमीम अहमद, स्पेरा अतुहैरे धन्यवादका पात्र हुनुहुन्छ । यो कामलाई अगाडि बढाउन निर्देशकहरुको टोलीले हाम्रो कामलाई निरुन्तरता दिन हामीलाई उत्प्रेरित गर्दै वहाँहरु पूर्ण प्रतिबद्ध भई यस बिशेष कामलाई महत्व दिएर निरन्तर सहयोग गर्नु भएको थियो ।

यस ढाँचामा विकास गरिएको कार्य सहकार्यको प्रक्रियाबाट नै उपलब्धिमूलक हुन सकेको छ । त्यसैले समानता र समावेशीकरणको वारेमा व्यवहारिक रुपले बुझ्नको लागि यो दस्तावेज सहयोगीसिद्ध हुनेछ भन्ने कुरामा म आशावादी छु । सन् २०१० जनवरीमा निर्देशकहरुको टोलीबाट अनुमोदित समानता र समावेशीकरणको नीतिलाई कार्यान्वयन गर्नमा यसले स्पष्ट मार्गदर्शन प्रदान गर्नेछ । साथै यसमा म विश्वस्त छु कि, यसले उपेक्षित र सीमान्तकृत वर्ग-समुदायसँग पुग्न हामीलाई सक्षम बनाउनेछ र विश्वका सबैभन्दा गरिब समुदायमा पानी र सरसफाईको पहुँचमा सुधार गरेर मानव जीवनलाई रुपान्तरण गर्ने दृष्टिकोणलाई महसुस गर्न यसले हामीलाई थप सहयोग पुऱ्याउने छ ।

गिरिश मेनन
निर्देशक, अन्तराष्ट्रिय कार्यक्रम
१२ जनवरी २०१०

विषय प्रवेश र संक्षिप्त परिचय

सुरक्षित पानी र सरसफाइका सेवा-सुविधाहरुमा पहुँच हुन पाउनु पनि एउटा मानव अधिकार हो भन्ने कुरामा वाटरएडले विश्वास गर्छ । यी सबै सेवाहरु अत्यावश्यक सेवाभित्र नै पर्दछन्, यसले मानवीय विकासमा प्रभाव पार्दछ, यसबाट जीवन रुपान्तरण हुन्छ, र मानिसहरुलाई गरिबीबाट छुटकारा पाउनमा समेत यसले सामर्थ्य बनाउँछ । गरिबी विरुद्धको यात्रामा वाटरएडको लागि यो एउटा प्रवेश विन्दु हो । गरिबी, सीमान्तकृत र सामाजिक रुपमा उपेक्षित हुने कुराहरु बीच छुट्याउनै नसकिने सम्बन्ध रहेको हुन्छ भन्ने कुरामा पनि वाटरएडले विश्वाश गर्दछ ।

संसारमा हरेक व्यक्तिलाई सुरक्षित पानी र सरसफाइको पहुँच हुन्छ भन्ने हाम्रो दृष्किोणलाई आत्मसात गर्नको लागि पानी र सरफाईको पहुँच नभएका वर्ग-समुदायसम्म पुग्न वाटरएड आफ्ना साझेदारी संघ-संस्थाहरुसँग काम गर्न दृढरुपमा प्रतिबद्ध छ । सहस्राब्दि लक्ष्य पूरा हुँदासम्म पनि सबैभन्दा गरिब र सबैभन्दा सिमान्तकृत वर्ग यो सेवाबाट बञ्चित हुनेछन् भन्ने कुराहरु पनि यसमा पर्दछन् । यसको अर्थ वाटरएडले पानी र सरसफाईको सेवाबाट उपेक्षित हुने गरेको विषयलाई सम्बोधन गर्नुपर्छ । किनभने यो विषय पानी एवं अन्य स्रोतहरुमा अधिकार कायम रहने र त्यसमाथि नियन्त्रण रहने कुरामा हुने व्यापक किसिमको असमानतासँग जोडिएको हुन्छ, जुन परिवार, समुदाय लगायत संस्थागत तहमा पनि हुन्छ । सुविधाबाट बञ्चित हुनसक्ने वर्गहरुमा बिशेषगरी महिला, बालबालिका, अपाङ्ग, बृद्ध-बृद्धा, दीर्घ रोगी, एच.आई.भि./एड्स भएका, सामाजिक रुपमा निम्नवर्ग भनिने जात, धर्म-सम्प्रदाय, आदिवासी, जन-जाती, दुर्गम स्थानमा बसोबास गर्ने मानिसहरु पर्दछन् । समाजिक रुपले उपेक्षित अन्य वर्गहरुमा यौनिक र लैङ्गिक वर्ग, विस्थापित, अप्रवासी, यात्रु, गाई-भैंसी भेडा-बाखा चराउने मानिसहरु, अवैधानिक रुपमा वसोवास गर्ने समुदाय, केहि पेशागतरुपमा पछाडी पारिएका समूहहरु जस्तै दिशा-फोहर उठाउने व्यक्तिहरु पर्दछन् । यसैगरी वाटरएडले पानी र सरसफाई सम्बन्धी सेवाको प्रावधानमा हुने असमानताको विषयलाई हरेक अवसरमा प्रकाश पार्दै त्यस प्रकारको असमानता हटाउनमा उल्लेखनीय योगदान पुऱ्याउँछ ।

ढाँचा

यो ढाँचाको अभिप्राय भनेको समानता र समावेशीकरण सम्बन्धी वाटरएडको नीतिलाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउनु हो । यसका निम्न उद्देश्यहरु रहेका छन् :

- पानी र सरसफाईको सन्दर्भमा समानता र समावेशीकरणवारे साझा अवधारणा बनाउने ।
- समानता र समावेशीकरणका लागि वाटरएडले अपनाउने पद्धतिको वारेमा वर्णन गर्ने ।
- कुनैपनि देशको परीप्रेक्ष्यमा वा संघ-संगठनको कुनै इकाईमा यस सम्बन्धी थप कार्यहरु गर्नको लागि साझा किसिमका न्यूनतम मापदण्ड तथा सूचकहरु स्थापित गर्ने ।

यस ढाँचामा तीनवटा भागहरु रहेका छन् :

१. वाटरएडको दृष्टिकोण र पद्धति

- अधिकारमा आधारित पद्धतिमा समानता र समावेशीकरण
- अधिकारमा आधारित पद्धतिमा समानता र समावेशीकरणवारे वाटरएडको अवधारण
- यस ढाँचालाई व्यवहारमा लागुगर्दा आईपर्ने चुनौतीहरुबाट वाटरएडलाई पर्ने प्रभाव

२. समानता र समावेशीकरणका मापदण्ड र सूचकहरु

- वाटरएडको लागि समानता र समावेशीकरणका मापदण्ड तथा सुचकहरु

३. शब्दावलीको व्याख्या तथा उदाहरण

- शब्दहरुको व्याख्या : उपेक्षा गर्नु (उपेक्षित), सिमान्तकृत, जोखिममा पर्ने, समावेशीकरणको सामाजिक नमूना
- पानी र सरसफाईको सन्दर्भमा सिमान्तकृत वर्गहरुको उदाहरण

अधिकतम रुपमा समानता र समावेशी गराउने सन्दर्भमा यो संगठनले काम गर्दा कतिपय देश, परिवेश, जनचेतनाको स्तर र ती ठाउँका मानिसहरुको अनुभव समेतको आधारमा विचारगरी तदनुरुप यसलाई व्यवहारमा ल्याउनको लागि विभिन्न तवर-तरिकाहरु अपनाउनु पर्छ भन्ने कुरालाई हामीले स्वीकार गर्नु नै पर्छ। यस ढाँचाले ती विभिन्न कार्य क्षेत्रहरुको लागि मार्गदर्शन प्रदान गर्न र त्यसको लागि विस्तृत कार्य योजना तयार गर्ने साझा मञ्च प्रदान गर्छ। साथै ती हरेक क्षेत्रमा कामगर्दा लागू गर्नु पर्ने न्यूनतम मापदण्ड र त्यहाँ गर्नुपर्ने कामहरुको वारेमा समेत दिशाबोध गराएको हुन्छ।

भाग १

वाटरएडको दृष्टिकोण र पद्धति

१. अधिकारमा आधारित पद्धतिमा समानता र समावेशीकरण

संसारमा हरेक व्यक्तिलाई सुरक्षित पानी र सरसफाईको पहुँच हुन्छ भन्ने हाम्रो दृष्किोणलाई आत्मसात गर्नको लागि वाटरएडले समानता र समावेशीकरणलाई अधिकारमा आधारित पद्धतिको मूख्य अन्तर्निहित सिद्धान्तको रुपमा अंगिकार गरेको छ जसले सीमान्तकृत र उपेक्षित गर्ने विषयलाई सम्बोधन गर्छौ भन्ने कुराको सुनिश्चित गर्न सकिन्छ ।

समानता विभेदहिन सिद्धान्त हो

समानता भन्ने विषयले मानिसहरु भिन्न-भिन्न हुन्छन्, ती सबैको अधिकार स्थापित भएको सुनिश्चित गर्न भिन्न-भिन्न किसिमका सहयोग आवश्यक पर्दछ र त्यसको लागि भिन्न-भिन्न किसिमका साधन-स्रोतहरुको जरुरी हुन्छ भन्ने कुराहरुलाई स्वीकार गर्छ । निष्कपट रुपमा यसलाई व्यवहारमा लागु गरिएको छ भन्ने कुरा सुनिश्चित गर्न भेदभावमा परेका र सुविधाबाट बञ्चित वर्ग बिशेषलाई सेवा पुग्ने किसिमका कार्यविधीहरु अपनाउनु पर्दछ ।

स्थानीय स्तरको सन्दर्भमा यसको अर्थ, परिवार भित्र र समुदायमा के कति मात्रामा भेदभाव गरिन्छ वा सुविधाबाट बञ्चित गराइन्छ भन्ने कुराहरु थाहा पाउने, सेवाको पहुँचमा सुविधाविहिन मानिसहरुले के कस्तो बाधा-बन्देजहरुको सामना गर्नु परेको छ भन्ने वारेमा बुझ्ने र ती वाधा-बन्देज हटाउने तरिकाहरु विकास गर्ने कार्यहरु पर्दछन् ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको सन्दर्भमा यसको अर्थ, विश्व परिवेशमा हुने कार्यहरु जसले गर्दा अन्य देशहरुले कुनै देश वा क्षेत्रको पक्षमा मात्र काम भईरहेको छ वा राजनैतिक प्रभावले गर्दा जनसँख्याको कुनै भागका मानिसहरुले मात्र सेवा-सुविधा उपभोग गरीरहेका छन् भन्ने कुरा बुझ्ने, र सेवाको पहुँच नपुगेको वा त्यसको प्रभाव न्यून भएको भू-भाग वा समूहलाई प्रत्यक्ष सहयोग गर्ने कार्यहरु पर्दछन् ।

संस्थाको आन्तरिक रुपमा हेर्दा समानताको अर्थ, राम्रो कामगर्ने ती वर्ग-समुदायका मानिसहरुलाई नियुक्ती गर्न, त्यस पदमा रहीरहन र यथासक्दो बढी मात्रामा कार्यगर्न रोकावट आउने अवरोधहरुको पहिचान गर्ने र सम्भव भएसम्म ती बाधाहरु हटाउने कार्यहरु पर्दछन् ।

समानता एउटा प्रक्रिया हो जसले सबैजना पूर्णरुपमा सहभागी हुन सामर्थ्य हुन्छन् भन्ने कुराको सुनिश्चित गर्छ

समावेशीकरण भन्ने कुरा विकाससँग जोडिएको एउटा विषय हो । समावेशीकरणको प्रक्रिया भन्नाले सेवाको पहुँचमा सुधार गर्ने कुरा मात्र आउँदैन । यसमा भेदभाव गरिएका र सीमान्तकृत

मानिसहरुलाई सहयोग गर्नुको साथै तिनीहरुको आवश्यकताहरु पहिचान हुने र अधिकार स्थापित हुने कुरा सुनिश्चित गर्न अपनाइने कार्य-प्रक्रियामा नै तिनीहरुलाई समावेश गराउने जस्तो

फराकिलो दायरा पनि पर्दछ । उदाहरणको लागि, सेवा प्रदान गर्ने-गराउने सम्बन्धी योजना तर्जुमा गर्दा, यसको व्यवस्थापनमा, निर्णय प्रक्रियामा र जनउत्तरदायी हुने सेवाप्रदायक राख्दा समावेशीकरणको सिद्धान्त अपनाउने ।

पानी र सरसफाइमा सीमान्तकृत वर्गको पहुँच सम्बन्धी अधिकारमा बृद्धि गर्न अन्तत : तिनीहरुलाई राजनैतिक प्रणालीमा पनि समावेश गराउन जरुरी हुन्छ । यसमा वाटरएडले जुन देशमा काम गरीरहेको हुन्छ त्यसै देशको परिप्रेक्ष्यमा उपयुक्त हुने तवर-तरिका अपनाई यो प्रक्रियामा सहयोग गर्नु पर्दछ ।

यिनै तथ्यगत आधारले गर्दा, समानता र समावेशीकरण एक आपसमा अन्तरनिहित छन् र व्यवहारमा लागु गर्दा यसलाई सम्बोधन गर्न केही निश्चित कार्यहरु गर्न जरुरी हुन्छ । ती हुन् : भिन्न-भिन्न व्यक्ति तथा समूहको भिन्न-भिन्न आवश्यकताहरु पहिचान गर्ने र त्यसको भित्री मर्म बुझ्ने, उपेक्षित हुनुका मूख्य कारणहरु गहिराईमा गएर पत्ता लगाउने र ती कारणहरु हटाउन पहल गर्ने, निर्णय गर्ने प्रक्रियामा तिनीहरुलाई समावेश गराउने कार्यहरुको प्रवर्द्धन गर्ने र त्यसमा सहयोग गर्ने, र उपयुक्त तथा दीर्घकालिन उपायहरु पत्ता लगाउने र कार्यान्वयन गर्ने । यी सबै कुराहरु वाटरएडका कार्यक्रमसँग सम्बन्धित कार्यहरु तथा हाम्रो आन्तरिक कार्यशैली एवं कार्य प्रक्रिया दुबैमा लागु हुन्छ ।

आवश्यकता केन्द्रितबाट अधिकार केन्द्रिततर्फ जाने

आवश्यकतामा आधारित पद्धतिले मानिसहरुलाई निष्कृय उपभोक्ता हुन् भन्ने दृष्टिकोणको आधारमा सेवाको पहुँच नभएका वा सेवाबाट बञ्चित भएका मानिसहरुको स्थितिमा सुधार गर्ने उद्देश्य राखेको हुन्छ । यस पद्धतिले जनताको तात्कालिक आवश्यकता परीपूर्ति गर्नसक्छ तर तिनीहरुको पहुँचमा दीर्घकालिन सुधार हुन्छ भन्ने कुराको सुनिश्चितता हुदैन ।

तर अधिकारमा आधारित पद्धति, विकासको रुपान्तरण गर्ने एउटा प्रक्रिया हो जसमा मानिसहरु आफ्नो उन्नती-विकासको लागि तिनीहरु आफै कार्यकर्ता हुन्छन् । यो पद्धतिले राज्य र नागरिक समाज बीचको सम्बन्धलाई बिशेष रुपमा जोड दिएको हुन्छ ।

अधिकारमा आधारित पद्धति, बृहद शासकीय प्रणालीको वारेमा सुधार गर्ने प्रक्रिया पनि हो । यसबाट हामीले राखेको दृष्टिकोण अनुसार "*संसारमा हरेक व्यक्तिलाई सुरक्षित पानी र सरसफाईको पहुँच हुन्छ*" भन्ने सन्दर्भमा के कति प्रगति भएको छ भन्ने कुराको निर्धारण हुन्छ । यो पद्धतिको प्रयोगबाट सेवाको पहुँच नहुने र सेवा प्रदान गर्ने बीचको शक्ति सन्तुलनमा परिवर्तन हुन्छ । यसको उद्देश्य भनेको दिगो हुनेगरी दीर्घकालिन प्रकारको नीतिगत संरचना, कार्य प्रक्रिया र कानुनमा परिवर्तन गर्नुको साथै हाम्रो वानी-व्यवहार र आचरणमा पनि परिवर्तन गर्नु हो । अधिकारमा आधारित पद्धतिको कार्यान्वयनबाट एकपछि अर्को गरेर फाइदामा बृद्धि हुदै जान्छ र विभिन्न तहमा लागु गरेर यसको असर गुणात्मक रुपमा देखापर्दै जाने पर्याप्त सम्भावना रहेको हुन्छ । उदाहरणको लागि, पानी र सरसफाईमा विनियोजित सरकारी बजेटबाट सुविधाविहिन र सीमान्तकृत वर्गका आवश्यकताहरुलाई सम्बोधन गर्ने र सरकारी संघ-संस्थाहरु जस्तै विद्यालय र अस्पताल पूर्णरुपमा सबैको पहुँच हुने गरी स्थापना गर्ने ।

२. अधिकारमा आधारित पद्धतिमा समानता र समावेशीकरणवारे वाटरएडको अवधारणा

सुरक्षित पानी र सरसफाइको पहुँचहुने अधिकार सबैको सुरक्षित हुन्छ भन्ने कुरालाई वाटरएडले सम्मान गर्छ[१] । यसमा बिशेषगरी गरिब र सीमान्तकृत वर्गलाई विना भेदभाव पहुँच हुनसक्ने कुरा निश्चित गर्ने पक्षलाई समेटिएको हुन्छ ।

भेदभावरहित भन्नाले कुनै निश्चित व्यक्ति वा समुदायलाई भेदभाव गर्न छोड्ने बुझिन्छ । यसको अर्थ सरकारी नीति तथा कार्यक्रमबाट कुनै निश्चित वर्ग बिशेषको आवश्यकतालाई सम्बोधन गर्न नसकिने गरी ती वर्ग-समुदायलाई नसमेटिएको अवस्था छैन भन्ने कुरा सुनिश्चित गर्न बिशेष अग्रसरताका अपनाउने उपायहरु समेत पर्दछन् । उदाहरणको लागि, मलावै, बङ्गलादेश र तान्जानीयामा वाटरएडले अति गरिबलाई सेवा दिनेतर्फ केन्द्रित गरी उपभोग्य सामग्री सहित शहरी क्षेत्रमा कार्य गरीरहेको छ ।

ती अधिकारहरुलाई क्रमिक रुपमा सम्मान गर्नको लागि योगदान पुऱ्याउने कार्यलाई वाटरएडले स्वीकार गर्छ जसको लागि हामीले :

- एक्काईसौं शताब्दिमा समेत मानिसहरुलाई **पानी र सरसफाइ सम्बन्धी आधारभूत आवश्यकताको पहुँचमा कमी हुनुका कारणहरु** (राजनैतिक, आर्थिक, समाजिक, साँस्कृतिक, इत्यादि) बुझ्ने । सबैका लागि पानी र सरसफाइ भन्ने बिश्वव्यापी नारा पूरागर्न सकिने विषय हो । तर यो पनि यथार्थ हो कि विश्वका अरबौं मानिसहरु पानीमा बाँचेको छन् र पानीको कारणले नै मरेका छन् । शक्तिको बागडोर हातमा लिएका व्यक्तिहरुबाट गरिने निश्चित निर्णय वा तिनीहरुबाट नगरिने निर्णयको एउटा प्रत्यक्ष नतिजा सरफाईको दरिद्रता हो । यो कुरा गर्नु हुदैन र यसलाई पूर्णत : स्वीकार्य छैन् ।
- सबैको अधिकार स्थापित गराउनको लागि आफ्नो कर्तव्य पूरा गर्न र अझबढी जवाफदेही तथा उत्तरदायी बनाउन **सेवा प्रदायकको क्षमता अभिबृद्धि गर्न तिनीहरुसँग कामगर्ने** । उदाहरणको लागि, अधिकतम समानता हुने किसिमको लक्ष्य राखी लगानी गर्ने योजना तर्जुमा गर्न सरकारलाई पर्याप्त जानकारी पुगोस् भन्ने अभिप्रायले पूर्वी अफ्रिका र दक्षिण अफ्रिकामा वाटरएडले पानीका धाराहरु भएका स्थानहरुको स्थलगत अवलोकन गरेर सो को नक्शा तयार गरेको । सहस्राब्दी विकास लक्ष्यहरुलाई स्थानीय तहसम्म महसुस गराउन पश्चिम, पूर्व र दक्षिण अफ्रिकी मुलुकहरुमा भएका हाम्रा कार्यहरुले प्रभावकारी किसिमको योजना तर्जुमा गर्नमा स्थानीय निकायको क्षमता अभिबृद्धि गर्न सहयोग पुऱ्याएको ।
- **पानी र सरसफाइको पहुँच नभएका वर्ग-समुदायसाग समिप्यतामा काम गरेर** तिनीहरुलाई पानी र सरसफाइ सम्बन्धी अधिकारको दावी गर्न शसक्त बनाउने । उदाहरणको लागि, समुदाय र नागरिक समाजले पानीका धाराहरु रहेका ठाउँहरुको रेखाङ्कन गरेको जानकारी प्रयोग गरी स्रोतको उचित बाँडफाँड गर्नेतर्फ जवाफदेही बनाउन सेवा प्रदायकहरुलाई नागरिकसँग मिलेर कामगर्न लगाउने[२] ।

---

१. *www.righttowater.info*

२. *WaterAid (2008) Stepping into action. The second report on Citizens' Action for accountability in water and sanitation*

- सहभागिता, विभेद-हिनता, पारदर्शिता, जवाफदेहिता, सँख्यात्मक तथा गुणात्मक रुपमा पर्याप्तता, समानुपातिक वितरण, भौतिक रुपमा पहुँच हुनसक्ने र आर्थिक रुपले उपभोग गर्नसक्ने सामर्थ्यताका मापदण्डहरु सम्बन्धी **मानवअधिकारका सिद्धान्तहरु अवलम्बन गर्ने** ।

मानव अधिकार सम्बन्धी सम्मेलनबाट पारित पानी र सरसफाई सम्बन्धी अधिकारको वारेमा उल्लेखित दस्तावेजलाई जहाँ उपयुक्त हुन्छ त्यसैअनुरुप वहस पैरवी सम्बन्धी कार्यहरुमा प्रयोग गर्न सकिन्छ । ती दस्तावेजहरुमा अपाङ्गको अधिकार, बाल अधिकार, महिला अधिकार, आदिवासीको अधिकार, बृद्ध-बृद्धाको अधिकार, लगायत रङ्गभेद उन्मूलन सम्बन्धी संयुक्त राष्ट्रसंघका सभा-सम्मेलनहरु र क्षेत्रीय तथा राष्ट्रिय स्तरमा गरिएका सन्धी-सम्झौताहरु इत्यादि पर्दछन् । यसले अन्य पक्षहरुसँग एक्येवद्धता कायम गर्न र तिनीहरुसँग आपसी सम्बन्ध स्थापित गर्न समेत आधार प्रदान गर्छ । साथै संचार माध्यमसँगको एक्येबद्धताबाट निर्णयकर्ताहरुलाई निर्णय गर्नको लागि जनदबाव सृजना गर्न र सीमान्तकृत जनताहरुको आवाज सुनिन्छ भन्ने कुराको सुनिश्चित हुन सहयोग पुग्छ ।

समानता र समावेशीकरण मूलप्रवाहीकरण भन्नुको अर्थ अधिकारको कुरा सर्वमान्य हुन्छ भन्ने कुरालाई स्वीकार्नु हो । यसको लागि सबैभन्दा गरिब, सीमान्तकृत र जोखिम अवस्थामा रहेका वर्गको अधिकारको संरक्षण, संवर्द्धन र त्यसको परीपूर्ति गर्न बिशेष किसिमका उपायहरु अपनाउनु जरुरी हुन्छ । यसको अर्थ ती सिद्धान्त र मुद्दाहरुलाई संस्थाको नीति, रणनीति र क्रियाकलापहरु लगायत सबैमा समावेश गरिएका छन् भन्ने कुरा निश्चित गर्नु पनि हो । यसले हामीलाई विभिन्न मानिसहरुका आवश्यकता, प्राथमिकता पहिचान गर्छौं र तिनीहरुको क्षमता थाहा पाउँछौं भन्ने कुरा सुनिश्चित गर्न मद्दत पुग्छ । सुरक्षित पानी र सरसफाई सम्बन्धी अधिकारलाई सम्मान गर्नबाट रोकावट गर्ने तत्व लगायत अन्य बाधा-अवरोधलाई समेत हामी चुनौती दिन्छौं ।

पानी र सरसफाईका कार्यक्रमहरुमा समावेशी नगर्ने (उपेक्षित गर्ने) सवालहरुलाई सम्बोधन गर्न आफ्नै र साझेदारीहरुको क्षमता अभिबृद्धि गर्ने कार्यहरु एउटा दीर्घकालिन कार्य-प्रक्रिया हुनेछ । यसमा हाम्रो संगठनभित्र काम गर्ने संस्कृति समावेशीकरण छ भन्नेकुरा निश्चित गर्नु जरुरी छ, यस सम्बन्धमा हाम्रा कर्मचारी र साझेदारीहरुको चेतना अभिबृद्धि गर्न, यस विषयमा संवेशनशिल हुन र तत्सम्बन्धी आवश्यक ज्ञान सीपको विकास गर्नुपर्ने जरुरी रहेको हुन्छ । तब मात्र सीमान्तकृत जनताहरुसँग काम गर्ने अन्य व्यक्ति र संस्थाहरुका उपयुक्त अनुभवहरुलाई हामीले पनि अनुसरण गर्न सक्छौं ।

केही साहसिक निर्णयहरु गर्ने र "*संसारमा हरेक व्यक्तिलाई सुरक्षित पानी र सरसफाईको पहुँच हुन्छ*" भन्ने हाम्रो दृष्टिकोणलाई कसरी महसुस गराउन सकिन्छ भन्नेवारे निरन्तर प्रश्न गर्ने जस्ता कार्यहरु समावेश हुन्छ । यो बाटोमा लाग्नको लागि हामी प्रतिरोध नगर्ने भनी सोच्ने, विचार गर्नेतर्फ लाग्छौं यस विषयलाई हामीले अन्तरआत्माबाट नै स्वीकार गर्न र हाँक्न जरुरी हुन्छ ।

यस पद्धतिको प्रयोग

विभिन्न कार्यक्रमहरुसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्दा र संगठन भित्रका हाम्रा संरचनाहरु, कामगर्ने तवर-तरिका र कार्यशैली अधिकारमा आधारित पद्धति अनुरुप समानता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने किसिमले बनाइएको छ भन्ने कुरा पनि वाटरएडले निश्चित गर्नुपर्छ । त्यस्तै, उपेक्षित विभिन्न वर्ग-समुदायसँग प्रभावकारी रुपले कामगर्न बिशेष जोखिम उठाउन, सामाजिक सांस्कृतिक मुद्दाहरुलाई सम्बोधन गर्न, सोही बमोजिम कार्यशैली गर्न र आफूलाई अनुकुल बनाउन पनि हामीले यस विषयको बिशषेज्ञता विकास गर्नुपर्दछ ।

वाटरएडको समानता र समावेशीकरणको सिद्धान्तले :

- नीति र कार्य प्रक्रियामा नै समानता र समावेशीकरणलाई मूलप्रवाहिकरण गरिएको सुनिश्चित गर्ने जसमा निम्न कार्यहरु पर्दछन् :
  - देश अनुरुप वस्तुस्थितिको विश्लेषण र रणनैतिक योजना
  - कार्यक्रमको संरचना र कार्यान्वन
  - अनुगमन, मूल्याङ्कन र अनुसन्धान
  - तालीम र क्षमताको विकास
  - नेतृत्व र जनसहभागितामा आधारित व्यवस्थापन
  - आर्थिक कोषको बृद्धि र संचार
  - नीतिको वहस पैरवी
- लिङ्ग, अपाङ्ग, उमेर, एच.आई.भि./एड्स, विभिन्न जात-जाती, धर्म-सम्प्रदायको सन्दर्भमा पानी र सरसफाइसँग सम्बन्धित बिशेष प्रकारका मुद्दाहरुलाई जोड्ने किसिमका निर्देशिका तयार गर्ने तथा त्यसका न्यूनतम मापदण्डहरु निर्धारण गर्ने ।
- पानी र सरसफाइ सम्बन्धी आफ्ना मागहरु राख्ने क्षमतालाई सुदृढ गर्न र बिशेष प्रकारका उपेक्षित वर्गसँग कामगर्ने अनुभव र बिज्ञताको विकास गर्नमा साझेदारीहरुसँग निरन्तर कार्य गर्ने । ती वर्ग-समुदायको हक-अधिकार र आवश्यकतालाई सम्बोधन गर्न र तिनीहरुप्रति जवाफदेही हुन दाताहरु, सरकार, स्थानीय निकाय र सेवा प्रदायकले उपलब्ध गराउने सेवातर्फ पनि काम गर्ने ।
- अन्तर्राष्ट्रिय संघ-संस्थाहरुको सांगठनिक संरचना र तिनीहरुले गर्ने कार्य प्रक्रिया यो पद्धति अनुरुप छन् भन्ने कुरा निश्चित गर्ने ।

अधिकारमा आधारित समानता र समावेशीकरण पद्धतिलाई वाटरएडको विश्वव्यापी रणनीति २००९-१५ मार्फत प्रयोग गर्ने :

वाटरएडको दृष्टिकोण भनेको संसारमा हरेक व्यक्तिलाई सुरक्षित पानी र सरसफाइको पहुच हुन्छ भन्ने हो ।

- भेदभावको कारणले वा अधिकार मागगर्ने सामर्थ्य नभएको कारणले कुनैपनि व्यक्ति उपेक्षित हुने छैनन् भन्नु नै यसको अर्थ हो ।

वाटरएडको दृष्टिकोण भनेको विश्वका सबैभन्दा गरिब समुदायमा पानी र सरसफाइको पहुँचमा सुधार गरेर जीवनलाई रुपान्तरण गर्नु हो । यसको प्रतिफल अधिकतम रुपमा प्राप्त गर्न हामी साझेदारीहरुसाग काम गर्दछौं र यसमा निर्णयकर्ताहरुलाई प्रभावपार्ने कार्यहरु पनि हामी गर्दछौं ।

- हामी पानी र सरसफाइ तथा गरिबी, सीमान्तकृत, र सामाजिक रुपले उपेक्षित हुने यी दुई विषयहरुको बीचमा रहेको अन्तरसम्बन्ध र यसको चक्रलाई तोड्ने कुरामा बढी महत्व दिन्छौं । सबैभन्दा गरिब र सीमान्तकृत जनताहरुलाई विशेष रुपमा ध्यान दिनु जरुरी हुन्छ भन्ने कुरालाई हामी स्वीकार गर्छौं ।

नीति निर्माणमा प्रभाव पार्न र सुरक्षित पानी तथा सरसफाई सम्बन्धी सेवाहरु प्रदान गर्न वाटरएडले साझदेरीहरुसँग विभिन्न कामहरु गर्दछ, ती हुन् :

- **उपयुक्त** : सबैलाई पहुँचहुने कुरा निश्चित गर्नको लागि विभिन्न संरचना र पद्धतिहरु स्वीकार गर्ने ।
- **एकीकृत** : सीमान्तकृत मानिसहरुको अधिकार र तिनीहरुको विकासमा प्रवर्द्धन गर्ने किसिमका अन्य कार्य/पद्धतिहरुसँग एकीकृत गर्ने ।
- **दीगोपन** : अन्त्यसम्म नै यसको प्रभाव समतामूलक हुन्छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- **सु-सुचित** : सीमान्तकृत र उपेक्षित मानिसहरुसँग काम गर्दाको अनुभव संगाल्ने र अन्य आधारहरु संकलन गर्ने ।
- **हस्तानान्तरण योग्य** : अन्य निकायहरुमा पनि समावेशीको पद्धतिलाई प्रवर्द्धन गर्ने ।

विश्वव्यापी रणनैतिक उद्देश्यहरु :

१. हामी सुरक्षित पानी र सरसफाइमा गरिब जनताको अधिकार सुरक्षित गर्छौं र पहुँचको प्रवर्द्धन गर्छौं ।

- उपेक्षित र सीमान्तकृत मानिसहरुलाई सुरक्षित पानी र सरसफाइको हक-अधिकार माग गर्न शसक्त बनाउन तथा पानी र सरसफाइ सम्बन्धी निर्णय गर्ने तहमा सहभागिता गराउन साझेदारीहरुसँग काम गर्ने ।
- पानी र सरसफाइ सम्बन्धी कार्यक्रमहरुले सामाजिक रुपमा उपेक्षित र सीमान्तकृत मानिसहरुलाई सुरक्षित पानी र सरसफाइमा पहुँच गराउन सकेको छ भनी निश्चित गर्ने । किनभने समाजका प्रभावशाली व्यक्तिहरुले ती वर्गका आवश्यकतालाई सम्मान गर्ने सम्भावना निकै नै कम हुन्छ ।
- पानी र सरसफाई सम्बन्धी कार्यक्रमहरुले समानता र समावेशीकरणका सवालहरुमा सेवा प्रदायक, साझेदारहरु र समुदायको चेतना अभिबृद्धि गराउँछ भन्ने कुरा सुनिश्चित गर्ने ।

उदाहरणको लागि

- समुदायमा लैङ्गिक चेतना अभिबृद्धि गर्ने तालीम दिएर, पानी र सरसफाई उपभोक्ता समितीहरुमा महिला र निम्नवर्गका जात-जातीको लागि आरक्षण कोटा निर्धारण गरेर, पानी र सरसफाईको पहुँचमा सुधार आएपछि यसले पुरुष र महिलामा के कस्तो किसिमको प्रभाव पारेको रहेछ त भन्ने कुराको मूल्याङ्कन गरेर लैङ्गिक सम्बन्धी मुद्दाहरुलाई सम्बोधन गर्ने[३] ।
- पानी र सरसफाईको क्षेत्रमा कामगर्ने गैह्रसरकारी संस्थाहरुको सञ्जाललाई यो पक्षमा नागरिक समाजले गरेको योगदानको वारेमा समाचार दिएर ती संघ-संस्थाहरुलाई यसतर्फ जवाफदेही बनाउने, जसमा समानता र समावेशीकरणलाई महत्व दिइएको होस्[४] ।

२. हामी सुरक्षित पानी र सरसफाईका सेवाहरु उपलब्ध गराउने क्षमताको विकास गर्न सरकार र सेवा प्रदायकहरुलाई सहयोग गर्छौं ।

- अति गरिब केन्द्रित तथा समानता र समावेशीकरण सम्बन्धी जनचेतना अभिबृद्धिको प्रवर्द्धन गर्ने विषयलाई सरकार र सेवा प्रदायकहरुको नीति तथा व्यवहारमा समावेश गर्ने ।
- सीमान्तकृत मानिस तथा वर्गका अधिकारहरुलाई सम्मान गर्न र तिनीहरुका आवश्यकता परीपूर्ति गर्नको लागि असल शासनको प्रवर्द्धन गर्ने ।
- समानता र समावेशीकरणका सवालहरुलाई सम्बोधन गर्न संलग्न सबै क्षेत्रका व्यक्तिहरुको सीप र क्षमताको विकास गर्ने ।

---

३. WaterAid in Nepal (2009) Seen but not heard? A review of the effectiveness of gender approaches in water and sanitation service provision. www.wateraid.org/nepal

४. Uganda Water and Sanitation NGO Network (UWASNET) Secretariat (2009) NGO Group Performance in the Ugandan Water and Sanitation Sector: Report for the FY 2008/09

उदाहरणको लागि :

- कार्यान्वयन गर्ने संरचनाको अभावले गर्दा भेदभावरहित वारेको विषय नीतिनिर्माण तहमा चर्चा नै हुदैन भन्ने तथ्यलाई उजागर गर्न पानी र सरसफाइका सेवाहरुबाट उपेक्षित हुने/गरिने कारणहरु पत्ता लगाउन अनुसन्धान गर्ने[५] ।
- विभिन्न क्षेत्रको सहभागितामा हुने संयुक्त वार्षिक समिक्षामा भए-गरेको छलफल, सुझाव र निचोड उल्लेख गरेर पानी र सरसफाइको सञ्जालले समानता सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रकाशित गरी संयुक्त रुपमा गरिएको समिक्षाको वारेमा जानकारी आदान-प्रदान गर्ने । यस प्रकारको समिक्षा गर्दा प्राय:गरेर भौगलिक आधारमा समान रुपले पूर्वाधारको विकास गर्न आवश्यक बजेट विनियोजन भए नभएको र निर्णय गर्ने तहमा सामाजिक न्यायको आधारमा प्रतिनिधित्व भए नभएको वारेमा विश्लेषण गरिन्छ[६] ।
- अपाङ्ग व्यक्तिहरुको लागि समेत पानी र सरसफाइ सम्बन्धी सेवाहरुको पहुँच हुनेगरी समावेशीकरण सेवा-सुविधाहरु बनाउन साझेदारी र सेवा प्रदायकहरुलाई सहयोग गर्ने[७] ।
- बढी न्यायसङ्गत र दीगो तरिकाबाट साधन-स्रोतहरु उपलब्ध गराउनको लागि पश्चिम, पूर्व र दक्षिण अफ्रिकी देशहरुमा सहस्राब्दि विकास लक्ष्य हासिल गर्न स्थानीय स्तरबाट चालिने कदम मार्फत स्थानीय निकायलाई सहयोग गर्ने । यसबाट केन्द्रीय सरकारले स्थानीय निकायलाई उपयुक्त स्रोतहरु वितरण गर्न दबाब दिन्छ र समान रुपले सेवा प्रदान गर्नेतर्फ स्थानीय निकायलाई उत्तरदायी बनाउन समुदायलाई सक्षम गराउँछ ।
- पानी र सरसफाइका सेवा-सुविधाहरु लिङ्ग, उमेर, अपाङ्गता अनुसार को-कसले प्राप्त गरे र कुन वर्ग उपेक्षित भए भनी पहिचान गरेर अनुगमन गर्न सकिने प्रकारले छुट्टा-छुट्टै तथ्याङ्क संकलन गर्ने विधी-तरिका अपनाउने तर्फ सरकार र संयुक्त अनुगमन कार्यक्रमहरुलाई प्रभावित गर्ने ।

३. मानवीय विकासमा सफा पानी र सरसफाईको भूमिकावारे हामीले वकालत गर्छौं ।

- पानी र सरफाईको कमी तथा गरिबी, सीमान्तकृत र सामाजिक रुपमा उपेक्षितको बीचमा के कस्तो सम्बन्ध रहेको हुन्छ, तिनीहरुले कसरी एक अर्कोलाई अझ बढी असर पारेका हुन्छन् र त्यो चक्रलाई कसरी तोड्न सकिन्छ जसले गर्दा आर्थिक र मानवीय विकास गर्न सकिन्छ भन्ने कुरामा अन्य पक्षहरु संग पनि समन्वय गरी जोड दिने ।
- पानी र सरसफाईका सवालहरुमा सीमान्तकृत वर्गलाई केन्द्रित गरी पानी र सफाईको सम्बन्धमा भए-गरेका कार्य, व्यवहारलाई आधार बनाई ती वर्गलाई उपयुक्त हुने किसिमले प्राथमिकता दिनको लागि विकाससँग सम्बद्ध कार्यकर्ताहरुलाई प्रभावित गर्ने ।

५. WaterAid in Malawi (2008) Reaching out to the excluded. Exclusion study on water, sanitation and hygiene delivery in Malawi
६. WaterAid in Tanzania (2009) Out of sight and out of mind? Are marginalised communities being overlooked in decision making? Water and sanitation equity report
७. WaterAid in Mali (2008) All people, one goal, all access. Water and sanitation access for people with disabilities

उदाहरणको लागि :

- अपाङ्ग बालबालिका र किशोरावस्थाका बालिकाहरुका भिन्न-भिन्न आवश्यकताहरुलाई सम्बोधन गर्न सकिने प्रकारले भौतिक पूर्वाधारको विकास र सरसफाई सम्बन्धी शिक्षाको सुनिश्चितता गरेर पानी र सफाईको महत्व दिइएको छ भन्ने कुराको महसुस गराई विद्यालयलाई समावेशीकरण गराउनमा शैक्षिक क्षेत्रलाई प्रभावित गर्ने[८]।
- पानी र सरसफाईका सेवा-सुविधाहरुलाई यथोचित तवरले प्रवर्द्धन गर्न एच.आई.भि./एड्ससँग सम्बन्धित संघ-संस्थाहरुसँग काम गर्ने[९]।
- स्वास्थ्यको लागि पानी र सरसफाईको महत्वलाई स्वीकार गर्न, पानी र सफाईको कमी र त्यससँग सम्बन्धित रोगहरुको परिणाम भोग्न जोखिममा पर्ने निश्चित वर्गका मानिसहरुको वारेमा सरकारी नीति तथा कार्यक्रममा परिवर्तन गर्नको लागि अनुसन्धान गर्ने र वकालत गर्ने[१०]।
- बृद्ध-बृद्धाहरुलाई पानी र सरसफाई एवं अन्य आधारभूत सेवाको पहुँचको माग गर्ने क्षमता अभिबृद्धि तर्फ गरिने नागरिक अनुगमनको कार्यमा सहयोग गर्ने ।
- सीमान्तकृत नागरिकहरुको आवाजलाई निर्णयकर्तासम्म बुलन्द गर्न र त्यसलाई कार्यान्वयन गर्न गराउनको लागि दबाब सृजना गर्न संचार क्षेत्रसँग काम गर्ने ।

४. हामी यस कार्य क्षेत्रको अगुवाको रुपमा परिचित हुन र आफ्ना मूल्यङ्कमान्यताहरुमा रहीरहने एउटा प्रभावकारी विश्वव्यापी संगठनको रुपमा अझ विकसित हुनेछौं ।

- हाम्रो दृष्टिकोण प्रस्तुत गर्न विभिन्नता र विविधता अत्यावश्यक छ भन्ने कुरालाई स्वीकार गर्ने र यसलाई महत्व दिने सकारात्मक विचार राख्ने र समावेशी किसिमले कामगर्ने वातावरणको प्रवर्द्धन गर्ने ।
- विविधतालाई एक निर्देशक सिद्धान्तको रुपमा प्रवर्द्धन गर्न र समावेशीकरणलाई व्यवहारमा लागु गर्न प्रोत्साहित गर्ने नेतृत्व तथा जनव्यवस्थापनको विकास गर्ने ।
- सबैभन्दाबढी सीमान्तकृत भएका मानिसहरुको समस्याहरुलाई सम्बोधन गर्न आवश्यक पर्ने किसिमले संगठनको कार्य क्षमता अभिबृद्धि गर्ने र कर्मचारीको ज्ञान सीप, व्यवहार, प्रवृतिमा विकास गर्ने ।
- अनुसन्धान, अनुगमन, मुल्याङ्कन र अभिलेखको माध्यमबाट समानता र समावेशीकरण सम्बन्धी हाम्रो अवधारणाको विकास गर्ने, तत्सम्बन्धी प्रमाणहरु संकलन गर्ने र त्यसवारे सिकेका कुराहरु आदान-प्रदान गर्ने कार्यहरुलाई निरन्तरता दिने ।

---

८. WaterAid in Nepal (2009) Is menstrual hygiene and management an issue for adolescent school girls? A comparative study of four schools in different settings of Nepal.

९. WaterAid in Tanzania and AMREF Tanzania (2009) Water and sanitation for people living with HIV and AIDS: Exploring the challenges

१०. WaterAid (2009) Fatal neglect. How health systems are failing to comprehensively address child mortality

उदाहरणको लागि

- नेपालमा लैङ्गिक चेतनाको वारेमा कर्मचारीहरुलाई तालीम दिइएको ।
- बुर्किना फासोमा रहेको वाटरएडको कार्यालयमा ह्विलचियरको पहुँच भएको सुनिश्चित गरिएको ।
- मानवीय स्रोतको विकास गर्दा विविधता र विभिन्नताको नीति र अवधारणालाई विकसित गर्ने ।
- अपाङ्गहरुलाई रोजगार दिने आफ्नो प्रतिवद्धतालाई व्यवहारमा लागु गरेको कार्यलाई प्रशंसागरी संयुक्त राज्यको श्रम तथा निवृतिभरण विभागले वाटरएड यूके लाई "दुई धर्का अङ्कित" प्रमाण पत्रबाट पुरस्कृत गरेको छ ।
- नेतृत्व विकास कार्यक्रममा विविधतालाई एउटा मूख्य विषयको रुपमा समावेश गरिएको ।

मान्यताहरु : *समावेशी, स्वत:स्फूर्त हुनु, मिलेर काम गर्ने, उत्तरदायी, सधै सिक्ने, साहसी*

- एउटा संगठनात्मक पद्धतिको रुपमा र हाम्रा कार्यहरु **समावेशी** बनाउने ।
- समावेशीकरणका सवालहरुलाई स्वीकार गर्ने र सम्बोधन गर्न अरुलाई **स्वत:स्फूर्त** गराउने ।
- समानता र समावेशीकरणका मुद्दाहरुलाई सम्बोधन गर्नमा केन्द्रित हुने किसिमले हाम्रो क्षमतालाई सुदृढ गर्न हामी अरुसँग **मिलेर काम गर्छौं** ।
- हाम्रो काम समानता र समावेशी छ भन्ने कुरा सुनिश्चित गर्नको लागि हामी **उत्तरदायी** हुनेछौं ।
- सीमान्तकृत वर्गसँग काम गर्दा तिनीहरुका मुद्धाहरुलाई कसरी अझबढी राम्रोसँग सम्बोधन गर्न सकिन्छ भन्ने वारेमा आन्तरिक र बाह्य अनुभवबाट **सधै सिक्ने** ।
- गरिब जनताहरुलाई पानी र सरफाईको अधिकारबाट बञ्चित गराइने किसिमका भेदभाव विरुद्धका चुनौतीहरुको सामना गर्न **साहास गर्ने** ।

समानता र समावेशीकरणका मापदण्ड र सूचकाङ्कहरुको लागि भाग २ हेर्नुहोस् ।

३ यस ढाँचालाई व्यवहारमा लागुगर्दा आईपर्ने चुनौतीहरुबाट वाटरएडलाई पर्ने प्रभावहरु

सीमान्तकृत वर्गलाई सम्बोधन गर्दा कुन वर्गलाई कति मात्रामा ध्यान दिने, कुन साझेदारसँग काम गर्ने, कति पैसामा कामगर्ने भन्नेवारे वाटरएडका कार्यक्रमहरुले रणनैतिक रुपमा विचार गरेर निर्णय गर्नुपर्छ ।

यसको साथै सेवा प्रदायकहरुको कार्य क्षमतामा प्रभाव पार्ने कुरालाई केन्द्रित हुनेगरी ठीक तरिकाले कामको सन्तुलन भएको छ भन्ने कुराहरुलाई समेत ध्यान दिनु पर्दछ । वाटरएडको यो प्रतिवद्धताले परिवर्तन दीर्घकालिन रुपमा बढ्दै जानेछ र प्रतिफलको लागि केही समय लाग्नेछ भन्ने अवधारणाको प्रतिनिधित्व गर्दछ । वाटरएडलाई पर्ने केही प्रभावहरुको रुपरेखा तल दिइएको छ : वाटरएडको यो प्रतिवद्धताले एउटा अवधारणाको प्रतिनिधित्व गर्छ जहाँ दीर्घकालिन परिवर्तन बढ्दै जानेछ र प्रतिफलको लागि केही समय लाग्नेछ । वाटरएडलाई पर्ने केही प्रभावहरुको सारसंक्षेप तल दिइएको छ :

सीमान्तकृत वर्गलाई केन्द्रित गर्ने कामको अनुपात

वाटरएडका सबै कार्यक्रमहरुले पानी र सरसफाईको पहुँच सिमित भएका गरिब राष्ट्र तथा समुदायलाई ध्यान दिएको हुन्छ । सामान्यतया : ती सबै कार्यक्रमहरुले मोटामोटी रुपमा समावेशी हुनुपर्छ र जुन समुदायसँग काम गरिन्छ त्यँहाँ समाधान गर्न सकिनेगरी महिला, बालबालिका, बृद्ध-बृद्धा र अपाङ्गहरुका विभिन्न आवश्यकताहरुलाई सम्बोधन गर्न सक्नुपर्छ । केही कार्यहरुले बिशेष किसिमका सीमान्तकृत वर्गलाई भनी बनाइएको पद्धतिलाई समेत केन्द्रित गरेको हुन्छ ।

केही कार्यक्रमहरुले सीमान्तकृत र उपेक्षित वर्ग-समुदायसँग कामगर्ने प्रशस्त अनुभव हुन्छ भने अन्यको लागि यो तुलनात्मक रुपमा एउटा नयाँ कार्यक्षेत्र हुन्छ । तसर्थ विभिन्न समूह बिशेषलाई केन्द्रित गर्नको लागि सेवा प्रदायकहरुको कामलाई के कसरी विस्तार गर्ने हो भन्नेवारेमा रणनैतिक तवरले र वास्तविक आधारमा निर्णय गर्ने कुराहरु त्यस देशको कार्यक्रमहरुमा निर्भर हुन्छ । उदाहरणको लागि, वाटरएड नेपालले आफ्नो काम लैङ्गिक विभेदता र गरिबीमा केन्द्रित भएर शुरु गऱ्यो र त्यसपछि बृहद रुपमा सामाजिक समावेशीकरणको सिद्धान्तलाई विकास गर्नेतर्फ क्षमता अभिबृद्धि गर्न लाग्यो ।

बिशेषगरी कुन कुन क्षेत्रहरुमा केन्द्रित हुने भन्ने कुराको निर्णय गर्दा निम्न आधारहरुलाई लिन सकिन्छ :

- वाटरएडले को-कोसँग, के-कसरी काम गर्नुपर्छ भन्नेवारेमा निर्णयगर्दा रणनीतिक योजना तर्जुमा गर्ने चरणमा गरिने अधिकारमा आधारित विश्लेषण बमोजिम गर्ने, जसमा निम्नकुराहरु समेट्नु पर्छ : *को-कस्का अधिकारहरु बहाली भएका छैनन् ? तिनीहरुका अधिकारहरुलाई किन स्वीकार गरिएन ? यो जिम्मेवारी कस्को हो ? जिम्मेवारी पूरागर्न के-कस्ता समस्या तथा बाधा-व्यवधानहरु आईपऱ्यो ? ती समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ? यसमा सबैभन्दा उपयुक्त तरिकाले कसरी परिवर्तन गर्न सकिन्छ ?* यसबाट सीमान्तकृत र उपेक्षित समूहसँग प्रत्यक्ष रुपमा काम गर्ने वा तिनीहरुको काममा प्रभाव पार्ने कार्यहरुको वारेमा सन्तुलित किसिमको निर्णय गर्न मद्दत पुग्छ । जस्तैः सेवा प्रदायकहरुलाई आफ्नो कामप्रति उत्तरदायी गराउने क्षमता अभिबृद्धि गर्ने, उपेक्षित वर्ग-समुदायका आवश्यकताहरुलाई पूरा गर्नेतर्फ उत्तरदायी बनाउने ।

- बिशेष वर्ग-समुदायसँग काम गर्नको लागि आफूले गर्दै आएको काममा तथा हालका र भाविष्यका सम्भावित साझेदारहरुको काममा विशेषज्ञता हासिलगर्ने ज्ञान सिपको विकास गर्ने अवसरहरु सृजना गर्ने ।
- समग्रमा समानता, समावेशीकरण र अधिकारको मूलप्रवाहीकरण गर्ने पद्धति अपनाउँदा गरिबहरु रहेका ठाउँको नक्शा बनाउने काममा वा कुनै निश्चित परिप्रेक्ष्यमा कलङ्कित भएका सीमान्तकृत समूहहरुसँग मात्र काम गर्दा त्यँहाँ केही राम्रा अवस्थाहरु पनि थिए कि भनेर विचार गर्ने ।

अधिकारमा आधारित पद्धतिहरुको वारेमा एउटा अवधारणको विकास गर्ने

हामीले हाम्रा अवधारणाको विकास गर्दा यसलाई पानी र सरसफाईको अधिकारसँग अझबढी सम्बन्धित बनाउँदै अति गरिब केन्द्रित नीति निर्माणमा र शहरी तथा ग्रामिण भेगका गरिब जनताहरुको पानी र सरसफाई सम्बन्धी सेवा-सुविधामा सुधार गर्ने प्रस्तावहरु अगाडि सार्ने ।

अधिकारमा आधारित भन्ने स्पष्ट भाषाको प्रयोग उपयुक्त ठाउँमा प्रयोग गर्ने

हामीले ध्यान दिनुपर्ने एउटा कुरा के हुन्छ भने, अधिकारको कुरा उठाउन र स्पष्ट रुपमा अधिकारमा आधारित पद्धतिको वारेमा उल्लेख भएको भाषा प्रयोग गर्न केही परिवेश-प्रसँगहरुमा उपयुक्त हुदैनन् । उदाहरणको लागि, स-सानो भागहरुमा विभाजित भई कमजोर अवस्थामा रहेका राज्यहरु, युद्ध पछिको अवस्था, अथवा राज्यद्वारा नै मानव अधिकारलाई सम्मान नगरिएका राष्ट्रहरु । त्यस अवस्थामा हामीले पानी र सरसफाई सम्बन्धी अधिकारको वारेमा स्पष्टसँग कुरा राख्न लगाएर त्यसलाई सम्मान गर्नुपर्छ भन्दा झनबढी प्रत्युत्पादक हुनसक्छ । ती परिस्थितिहरुमा समेत स्थानीय समस्यालाई सम्बोधन गरेर आशातित प्रतिफल प्राप्त गर्न पानी र सरसफाईको सन्दर्भमा वाटरएडले विकास गरेको समानता र समावेशीकरणको ढाँचामा उल्लेखित भाषा-शैलीको प्रयोग गर्दै अधिकारमा आधारित पद्धतिको प्रयोग गर्न सकिन्छ ।

साझेदारहरुको छनौट गर्ने : *अरुलाई प्रभाव पार्ने, अरुबाट सिक्ने, अरुसँग प्रभावित हुने*

अधिकतम मात्रामा समावेशी गराउन वाटरएडले हालका साझेदारहरुको क्षमताको विकास गर्न जरुरी हुन्छ । साथै सीमान्तकृत वर्ग-समुदायसँग पहिले देखि काम गरेर यसमा बिशेषज्ञता हासिल गरीसकेका साझेदारहरुबाट समेत सिक्न सकिन्छ र जहाँ उपयुक्त हुन्छ त्यँहाँ नयाँ नयाँ संस्थाहरुसँग साझेदारीको विकास गर्न पनि उत्तिकै जरुरी हुन्छ ।

सीमान्तकृत वर्ग-समुदायलाई पानी र सरसफाई सम्बन्धी हक-अधिकारहरुको आवाज उठाउन सक्षम बनाउने तर्फ प्रवर्द्धन गर्ने अन्य संघ-संस्थाहरुसँग वाटरएड धेरै नजिक भई तिनीहरुसँग मिलेर काम गर्न जरुरी हुन्छ । यो काम स्थानीय, राष्ट्रिय, क्षेत्रीय वा विश्वव्यापी स्तरमा गर्न सकिन्छ । संचार क्षेत्रमा गरिने काम वा तिनीहरुसँग मिलेर गर्ने कामबाट पनि यस विषयमा महत्वपूर्ण योगदान पुऱ्याएको हुन्छ र वाटरएड कार्यरत रहेका विश्वका सबै क्षेत्रहरुमा यो काम भईरहेको छ ।

अतिरिक्त खर्च लगाएर सीमान्तकृत मानिसहरुसँग काम गर्दा लागतको हिसाबले प्रभावकारी बनाउने तर्फ सन्तुलन कायम गर्ने

यस ढाँचालाई कार्यान्वयन गर्नको लागि उल्लेख्य रुपमा अतिरिक्त खर्चको आवश्यकता पर्दैन । शुरुमा नै राम्रोसँग योजना गरिएमा पहुँचका सुविधाहरुको लागि गर्नुपर्ने अतिरिक्त खर्च न्यून मात्रामा हुन्छ[११] साथै समावेशीबाट हुने फाइदाले गर्दा यसको भार निकै नै कम हुन्छ ।

धेरैजसो अतिरिक्त खर्चहरु स-सानो हुन्छ, र केही खर्चहरु मात्र ठूलो हुन्छ । उदाहरणको लागि : वाटरएडको कार्यालयलाई भौतिक रुपमा पहुँच बनाउने, बैठक तथा तालीमका सहभागीहरुलाई सहयोग पुग्ने गरी बजेटमा केही खर्च थप गर्ने, समानता र समावेशीकरणको वारेमा सबै कर्मचारीहरुको क्षमता विकास गर्ने, दुर्गम र सेवा पुऱ्याउन नसकिने क्षेत्रको लागि सेवा सञ्चालन खर्चमा बृद्धि गर्ने र त्यस प्रकारका ठाउँहरुमा बैठक गर्न, अनुसन्धान गर्न धेरै समय छुट्याउने ।

सबैभन्दा सजिलोसँग पहुँच हुने मानिसहरुलाई सेवा प्रदान गर्दा लाग्ने प्रतिव्यक्ति खर्च भन्दा सीमान्तकृत वर्ग-समुदायलाई केन्द्रित गरेर प्रदान गर्ने सेवाको लागि समग्रमा लाग्ने प्रति व्यक्ति खर्च बढी हुन सक्छ र कार्यक्रम तर्जुमा गर्दा यी सबै कुराहरुलाई पनि ध्यान दिनुपर्दछ । साथै सीमान्तकृत वर्गसम्म सेवाको पहुँच विस्तार गर्न हामीले नविनतम पद्धतिहरु समेत प्रयोग गर्न सक्छौं । तर हाम्रो दीर्घकालिन उद्देश्य भनेको यस सम्बन्धमा सरकार र दातृ निकायको नीति र व्यवहारमा नै प्रभाव पार्ने किसिमको हुनुपर्दछ, जसले सीमान्तकृत वर्गका पानी र सरसफाई सम्बन्धी अधिकारहरुलाई क्रमिक रुपमा स्वीकार गर्दै जाने कुरा सुनिश्चित होस् ।

११. Steinfeld, E. (2005) Education for All: the Cost of Accessibility. The World Bank Education Notes.

लक्ष्य निर्धारण गर्दा वाटरएडलाई समानता र समावेशीकरणको दिशाबाट टाढा नलैजाओस्

सन् २०१५ सम्ममा विश्वका सबैभन्दा बढी गरिब र धेरै गरिब २ करोड ५० लाख मानिसहरुलाई पानी र सरसफाइ सम्बन्धी सेवाको पहुँच गराउने वाटरएडको महत्वाकाङ्क्षी लक्ष्यले हामीलाई बाक्लो वस्ती भएका क्षेत्रहरुमा केन्द्रित भएर यसको पहुँच सजिलै गराउन सकिन्छ भन्नेतर्फ उत्प्रेरित गराउन सक्छ। तर यसमा सबैभन्दा गरिब र सीमान्तकृत वर्ग-समुदायको वारेमा सचेत भएर तिनीहरुलाई ध्यान दिनु जरुरी हुन्छ जो प्रायःजसो सेवाबाट बञ्चित भईरहेका छन् र ती वर्गहरु बिशेषगरी पातलो वस्तीमा नै बसोबास गर्छन्। नयाँ देश छनौट गर्दा पनि यही सिद्धान्त लागु हुन्छ।

स्रोतहरु तथा संरचना

वाटरएडले संस्थाको हरेक इकाईमा समानता र समावेशी रुपमा स्रोतको बाँडफाँड गर्ने सर्वोत्तम तरिका खोज्नु पर्दछ। यसको लागि थपसमय लाग्छ र त्यस्तै क्षमता भएको नेतृत्वको आवश्यकता जरुरी हुन्छ। यसमा वाटरएडका विभिन्न कार्यालयहरुले विभिन्न किसिमका पद्धतिहरु अपनाएका छन्। उदाहरणको लागि बङ्गलादेशमा, एउटा कार्यक्रमले समानता र समावेशीकरणलाई नै बिशेष रुपमा ध्यान दिएको छ। अन्य देशहरुमा, समानता र समवेशीकरणको केन्द्र विन्दु तोकिएको व्यक्तिलाई अन्य जिम्मेवारीहरु पनि दिइएको हुन्छ। यी कुराहरुलाई पनि ध्यान दिँदै तदनुरुप विकास गरिनु जरुरी हुन्छ।

अनुगमन तथा मूल्याङ्कन

अनुगमन तथा मूल्याङ्कन प्रणालीको सन्दर्भमा परियोजना तहमा नै लिङ्ग, उमेर, गरिबी र अपाङ्ग अनुसार छुट्याइको परिष्कृत तथ्याङ्क हुनु पर्दछ। साथै राष्ट्रिय, जिल्ला वा स्थानीय स्तरमा पनि सीमान्तकृत, गरिब र ठाउँ बिशेष अनुसार छुट्टिने तथ्याङ्क हुनु पर्दछ। हुनत पानी र सरसफाईको सन्दर्भमा गरिने अनुगमन तथा मूल्याङ्कन प्रणालीमा यस प्रकारको सूचना सधैजसो जरुरी पर्दछ भन्ने छैन्। तर अन्य क्षेत्रमा लागू भएको यस प्रकारको कार्यशैलीलाई अबलम्बन गरेर एकीकृत रुपमा अनुगमन तथा मूल्याङ्कन गरेको पाइन्छ। विगतका अध्ययनहरुलाई हेर्दा कुन वर्ग लाभावन्नित् भईरहेको छन्, कुन वर्ग छुटीरहेको छन् भन्नेकुरा कार्यान्वयन तहमा सूक्ष्म रुपले बुझ्नको लागि वाटरएडलाई सहयोग पुऱ्याउनु पर्ने कुरामा बढी केन्द्रित हुनुपर्ने देखिन्छ जसले हाम्रो पद्धतिलाई पृष्ठपोषण गर्छ। यसले गर्दा समानता र समावेशीकरण पद्धतिको विकास गर्नको लागि अरुलाई प्रभाव पार्ने आधार पनि सृजना हुन्छ।

समानता, समावेशीकरण र अधिकारको लागि सञ्चार

वाटरएडका सबै सञ्चार र बजारले जनताका अधिकारहरुको सम्मान गरेको छ र विगतदेखि भए गरेको कार्य शैलीलाई पुनःलागु गरिएको छैन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ। यसमा शब्दावलीको प्रयोग, फिल्म प्रदर्शनी, फोटो प्रदर्शनी जस्ता कार्यहरु पर्दछन्। उदाहरणको लागि : एच.आई.भि./एड्स भएका व्यक्तिहरुले आफ्नो अनुहार र नाम प्रकाशित गर्न चाहदैनन् होला तर फोटोको तल फोटोको वारेमा संक्षिप्तमा लेखिएको शब्द वा वाक्यले पानी र सरसफाईको सेवामा भेदभाव गरेको र वहिष्कार गरेको सवालहरुको वारेमा व्याख्या गरेको हुनुपर्छ। सञ्चारले जहाँ जसरी सम्भव हुन्छ त्यँहाँ, सीमान्तकृत जनताहरुको आवाजलाई सुन्ने गरिन्छ भन्ने कुराको सुनिश्चित हुनुपर्छ।

भाग २

मानता र समावेशीकरणका मापदण्ड तथा सूचकाङ्कहरु

१. वाटरएडका लागि समानता र समावेशीकरणका मापदण्ड तथा सूचकाङ्कहरुः

वाटरएडले आफ्ना काममा निम्नलिखित मापदण्डहरुका साथै सूचकांङ्कहरु प्रयोग गर्न प्रतिवद्ध छ जसले समानता र समावेशीकरणलाई मूलप्रवाहीकरणको सन्दर्भमा यस संगठनले हेर्न चाहेका कुराहरुको वारेमा व्याख्या गर्छ । यी मापदण्ड तथा सूचकाङ्कहरु समानता र समावेशीकरण मूलप्रवाहीकरणमा भए नभएको वारेमा गरिने प्रगतिको मूल्याङ्कन गर्नको लागि प्रयोग गर्न सकिन्छ ।

योजना तर्जुमा गर्दा र कार्यप्रगतिको समिक्षा गर्दा प्रयोग गर्न सजिलो हुनेगरी रणनैतिक उद्देश्य अनुसार ती मापदण्ड तथा सूचकाङ्कहरुको वारेमा यहाँ उल्लेख गरिएको छ । यद्यपि ती मध्ये केही मापदण्ड र सूचकाङ्कहरु जुनसुकै विषयहरुको सन्दर्भमा पनि प्रयोग गरेको देख्न सक्छौं । उदाहरणको लागि मापदण्ड नं. ५ मा उल्लेखित अनुगमन तथा मूल्याङ्कन सबै रणनैतिक उद्देश्यहरुको सन्दर्भमा प्रयोग हुन्छ ।

रणनैतिक उद्देश्य नं. १ को लागि मापदण्डहरु

१. समानता, समावेशीकरण र अधिकारको वारेमा वाटरएडका हरेक व्यक्तिले बुझेका छन् र यसलाई प्रयोगमा ल्याउँछन् । मापदण्ड र निर्देशिकाहरुवारे सहज किसिमले सबै कर्मचारी र साझेदारहरुले बुझ्न सक्नेगरी बताइएको हुन्छ ।

- अधिकारमा आधारित पद्धतिमा रहेको समानता र समावेशीकरणको ढाँचालाई वाटरएडका हरेक व्यक्तिले बुझेका छन् । साझेदारहरुलाई सजिलैसँग बुझ्नेगरी बताइएको छ र वाटरएडले प्रयोग गर्ने भाषाहरुमा अनुवाद गरिएको हुन्छ ।
- समावेशी विकासका मार्गदर्शक सिद्धान्तहरुको विकास गरिन्छ र कार्यक्रम कार्यान्वयन गर्दा यसलाई व्यवहारमा लागु गरिन्छ ।
- साधन-सुविधा र पद्धतिको रुपरेखा तयार गर्दा समावेशीकरणलाई ध्यान दिइएको छ भन्ने कुराको सुनिश्चित गर्ने सामग्री तथा निर्देशिकाहरु उपलब्ध छन् र त्यसको प्रयोग भईरहेको छ ।
- उपेक्षासँग सम्बन्धित बिशेष सवालहरुको वारेमा अझबढी बुझ्नको लागि एक आपसमा भएका ज्ञान र अनुभव आदान-प्रदान गर्न संघ-संगठनहरुसँग साझेदारी गर्ने ।

२. पानी र सरसफाइका सेवाबाट को-को बञ्चित भएको छन् भन्ने वारेमा सक्रिय भएर निरन्तर रुपमा सोधपुछ गरिन्छ । उपेक्षित हुनु परेको वा भेदभाव गरिनुका राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक कारणहरु पत्ता लगाइन्छ र यसबाट तिनीहरुको स्वास्थ्यमा तथा दैनिक जीवनयापनमा परेका असरहरुको वारेमा सोधखोज गरिन्छ ।

- जहाँ वाटरएडले काम गर्दछ त्यहाँ पानी र सरसफाइका सेवा-सुविधाहरुबाट को-को बञ्चित भएका छन् र यसो हुनुमा के-के कारणहरु छन् भन्ने वारेमा सबै राष्ट्रिय कार्यक्रमहरुले सक्रिय भई बुझ्न खोज्छन् ।
- पानी र सरसफाइ सम्बन्धी सेवा-सुविधाबाट सीमान्तकृत वर्गले के-कति प्रतिफल पाएका छन् भन्ने कुरा कार्यक्रम लागु हुनुभन्दा पहिले त्यसवारे गरेको अनुगमन र मूल्याङ्कनको अवस्थासँग राष्ट्रिय कार्यक्रमले तुलना गरेर हेर्नेछ ।

३. वाटरएड र यसका साझेदारहरुले कार्यक्रमको रुपरेखा तयार गर्दा, योजना तर्जुमा गर्दा, बजेट विनियोजन गर्दा, कार्यान्वयन गर्दा र अनुगमन गर्दा सीमान्तकृत तथा उपेक्षित जनताहरुलाई सहभागी गराउँछ, यस्ता कार्यक्रममा जो सदैव सहभागी हुन खोजी रहेको हुन्छन् ।

- समुदाय स्तरीय कार्यक्रमहरुको योजना तर्जुमा गर्दा अपाङ्ग, बृद्ध-बृद्धा, महिला, बालबालिका र सीमान्तकृत वर्ग-समुदायको विचार, दृष्टिकोण सदैव लिइन्छ । उदाहरणको लागि विषय प्रसङ्गका प्रश्नहरु सोधेर वा अपाङ्ग, बृद्ध-बृद्धाहरु जो प्रत्यक्ष रुपमा अगाडि देखा परको हुदैनन् तिनीहरुको भनाई बुझ्ने ।
- महिला, बालबालिका, अपाङ्ग र बृद्ध-बृद्धाहरुले प्रयोग गर्ने पानी र सरसफाई सम्बन्धी प्रविधीको संरचना निर्माण गर्दा वा निर्माण भईसकेको संरचनालाई अनुकुल बनाउँदा ती लक्षित वर्गलाई समावेश गराइन्छ ।
- वाटरएडलाई सुविधाविहिन र सीमान्तकृत वर्गको लागि सहभागितामूलक र पहुँच हुने संगठनको रुपमा हेरिन्छ ।
- बजेटको व्यवस्था गर्दा बैठक र तालीममा लाग्ने थप खर्च पनि समावेस गरिन्छ जसमा बिशेष किसिमको सहयोग आवश्यक पर्ने सहभागीहरुलाई सहयोग जुटाउन आवश्यक पर्ने थप खर्चगर्न मिल्ने शीर्षक पनि समेटिएको हुन्छ ।
- समुदायका सबैभन्दा गरिब र सीमान्तकृत वर्गमा पानी र सरसफाई सम्बन्धी सेवा-सुविधाको पहुँच कत्तिको भएको छ र उनीहरुमा कस्तो प्रभाव परेको छ भन्ने सन्दर्भलाई जोड्दै पानी र सरसफाईका सेवा-सुविधाहरु वापतको महसुल तोक्ने र अनुदान दिने लगायतका सबै कार्यहरुको मूल्याङ्कन गरिन्छ ।

४. विविध किसिमका आवश्यकताहरु पूरा गर्नको लागि विविध किसिमका पद्धति अपनाउन हामी सक्षम छौं भन्ने कुरालाई व्यवहारमा देखाउँछौं ।

- विद्यालय सरसफाई लगायत अन्य सार्वजनिक संस्था/स्थलका पानी र सरसफाई सम्बन्धी सबै संरचनाहरुमा अपाङ्ग, बृद्ध-बृद्धा, महिला, बालबालिकाका लागि छुट्टा-छुट्टै व्यवस्था हुनेछ जसमा रजस्वला हुँदा सरसफाई गर्न सकिने सुविधाको समेत व्यवस्था हुन्छ ।
- सरसफाई सम्बन्धी सूचनामूलक सामग्री पनि समावेशीकरण हुनेछ र ती सामग्रीहरु विभिन्न माध्यमबाट सबैको पहुँच हुन सक्नेगरी वितरण हुन्छ ।

- बजेटमा समानता र समावेशीकरणको पक्षलाई समेट्ने प्रावधान रहेको हुन्छ । पानी र सरसफाईका सुविधाहरुलाई समावेशी किसिमको बनाउने बिशेषज्ञता एवं तत्सम्बन्धी निर्देशिकाहरुलाई वाटरएडका कर्मचारी र साझेदारहरु सबैले नियमित रुपमा प्रयोग गर्दछन् ।
- वाटरएडका कर्मचारी र साझेदारहरुको चेतना अभिबृद्धि गर्न र तिनीहरुको क्षमताको विकास गर्न बिशेष किसिमले उपेक्षित वर्ग-समुदायलाई केन्द्रित गर्ने कार्यक्रमहरुको तर्जुमा गरिन्छ ।

५. पानी र सरसफाईको सन्दर्भमा समानता र समावेशीकरण गर्ने किसिमका ज्ञान र तत्सम्बन्धी प्रमाण हुने कुराहरु संकलन गरिन्छ र अनुसन्धान, अनुगमन, मूल्याक्तन तथा व्यवस्थित अभिलेखको माध्यमबाट वितरण गरिन्छ ।

- पानी र सरसफाईका कार्यक्रमहरु समानता र समावेशीकरणको परिप्रेक्ष्यमा भएको निश्चित गर्न वाटरएडका सबै राष्ट्रिय कार्यक्रमहरुले त्यसको अनुगमन तथा मूल्याङ्कन गर्ने ढाँचाको समिक्षा गर्छ ।
- वाटरएडले गर्ने प्रतिवेदनको कार्य-प्रक्रियामा समानता र समावेशीकरणका सूचकाङ्कहरु समावेस हुन्छन् ।
- आधारभूत जानकारी लिन गरिने सर्वेक्षण र अनुगमन तथा मूल्याङ्कनका सबै क्रियाकलापहरुले कार्यक्रम कार्यान्वयनपछि बिशेषगरी जोखिममा रहेका र उपेक्षित वर्गमा के-कस्तो प्रभाव परेको छ भन्ने जानकारी र ती वर्ग-समुदायमा परेको प्रभाव छुट्टिने प्रकारको तथ्याङ्क खोजेको हुन्छ ।

रणनैतिक उद्देश्य नं. २ को लागि मापदण्डहरु

६. विभिन्न तह, भौगलिक क्षेत्र, समाज तथा घरपरिवार भित्र नै व्यक्तिहरु सामाजिक र आर्थिक रुपले कहाँ र कसरी उपेक्षित हुन्छन् भन्ने कुराको पहिचान गर्ने कार्यहरु निर्धारण गर्न वाटरएडले राष्ट्रिय स्तरमा तर्जुमा गर्ने रणनैतिक योजनाले गरिबी, जोखममा पर्ने सम्भावना र पानी र सरसफाइबाट उपेक्षित विषयलाई बिश्लेषण गर्ने कुरालाई सम्बोधन गर्छ ।

- क्षेत्रगत बिश्लेषण गर्दा पानी र सरसफाइबाट बञ्चित वर्ग-समुदायको बिश्लेषण गर्ने विषयहरु समावेस हुन्छन् जसमा ती क्षेत्रका कार्यकर्ताहरुको क्षमता, प्रवृति, कानुनी रोकावट र स्रोतहरु के कस्तो छ भन्ने कुराहरु पनि हेर्दछन् ।
- विभिन्न किसिमका समुदायहरुमा पानी र सरसफाइ सम्बन्धी सेवा-सुविधाको पहुँचको सन्दर्भमा समानता र समावेशीकरणका सवालहरुलाई के कसरी सम्बोधन गरिएका थिए भन्ने बुझाईको आधारमा यस सम्बन्धी रणनीति तयार गरिन्छ ।

७. पानी र सरसफाइको सम्बन्धमा समता र समावेशीको कुरालाई केन्द्रित गर्न वाटरएडसँग सम्बन्ध स्थापित भएका अर्न्तराष्ट्रिय संघ-संस्था, दातृ निकाय, सरकार, सम्बद्ध निकाय र यसको सञ्जाल मार्फत जनचेतना अभिबृद्धि गर्ने कार्यहरु गरिन्छ ।

- वाटरएड पानी र सरसफाइलाई सबै क्षेत्रमा समावेशी गराउन महत्व दिने हिमायती संस्था हो ।
- पानी र सरसफाइका सेवा-सुविधाहरुमा उपेक्षित र जोखिममा रहेका वर्गको अधिकार संरक्षण र प्रबर्द्धन गर्नमा योगदान पुऱ्याउने संस्थाको रुपमा वाटरएडलाई बिश्वव्यापी तवरले तथा राष्ट्रिय स्तरमा पहिचान र कदर गरिएको छ ।

८. गरिबहरु जो सीमान्तकृत छन् र सेवाहरुबाट बञ्चित छन् तिनीहरुका आवश्यकतालाई परिपूर्ति गर्न र अधिकारलाई सम्बर्द्धन गर्न बढी क्रियाशिल हुन र उत्तरदायी गराउन वाटरएडले विभिन्न पक्षका कार्यकर्ताहरुको कार्य क्षमता विकासमा प्रभावित गर्दछ ।

- वाटरएडको राष्ट्रिय कार्यक्रमले पानी र सरसफाइको क्षेत्रमा कामगर्ने सरोकारवालाहरुसँग मिलेर समानता र समावेशीकरण सम्बन्धी छलफल र गोष्ठिका कक्षाहरु नियमित रुपमा सञ्चालन गर्दछ ।
- समावेशीकरणलाई प्रवर्द्धन गरिन्छ र पानी र सरसफाइको सन्दर्भमा एच.आई.भि./एड्स, अपाङ्ग, लिङ्ग र उमेरसँग जोडिएका सवालहरुलाई क्षमता विकासका क्रियाकलापहरुमा समावेश गरिन्छ ।

९. वाटरएडले समानता र समावेशीकरणलाई कार्य सम्पादनको क्षेत्रगत अनुगमन र प्रतिवेदन गर्ने नीति तथा यसलाई व्यवहारमा लागू गर्न गराउनमा प्रभाव पार्दछ ।

- गरिब र जोखिममा पर्ने सम्भावना भएका वर्गहरु रहेका स्थानहरु देखाइएको नक्शाले समानता र समावेशीकरण बढाउने किसिमका रणनीति, कार्यनीति तर्जुमा गर्न र त्यस विषयमा वकालत गर्न सान्दर्भिक हुने तथ्याङ्क प्रदान गर्दछ ।

रणनैतिक उद्देश्य नं. ३ को लागि मापदण्डहरु

१०. पानी र सरसफाइका सेवाबाट जनताहरु बञ्चित हुँदा यसले विकासको प्रतिफलमा कसरी प्रभाव पार्दछ भन्नेवारे तथ्यगत आधारमा गरिएका अनुसन्धान र मूल्याक्तनको निचोडलाई प्रयोग गर्दै वाटरएडले विकाससँग सम्बद्ध कार्यकर्ताहरुको काममा प्रभाव पार्दछ ।

- विगतका कामहरुबाट सिकेको ज्ञान सिप र अनुभव आदान-प्रदान गर्न र त्यसका सकारात्मक पक्षहरुलाई प्रवर्द्धन गर्दै जानको लागि उपेक्षित वर्ग-समुदायवारे प्रमाणका आधारमा गरिएका अनुसन्धानका प्रतिवेदन र तत्सम्बन्धी लेख-रचना प्रकाशित पत्र-पत्रिकाहरु विकाससँग सम्बद्ध कार्यकर्ताहरु बीच व्यापक रुपमा वितरण गरिन्छ ।

११. आफूले जाने-बुझेका ज्ञान सिपहरु आदान-प्रदान गर्न तथा पानी र सरसफाईका सेवा-सुविधाको पहुँचको सन्दर्भमा समानता र समावेशीकरणको विषयलाई प्रवर्द्धन गरेर विकाससँग सम्बद्ध कार्यकर्ताहरुलाई प्रभावित गर्नको लागि वाटरएड विभिन्न संघ-संस्थाहरु संग साझेदारी गर्छ र तिनीहरुको सञ्जालमा सहभागी हुन्छ ।

- वाटरएडले अपाङ्गहरुको संगठन, नागरिक समाजका व्यक्तिहरुको संगठन, संघ-संस्थाहरुको सञ्जाल, सहचार्य, दातृ समूह र सीमान्तकृत तथा उपेक्षित वर्गहरुसँग काम गर्ने वा तिनीहरुको

प्रतिनिधित्व भएको गैह्र-सरकारी संस्थाहरु एवं अन्य संघ-संगठनको अनुभवबाट सक्रिय रुपमा जान्न-सिक्न खोज्छ ।

- पानी र सरसफाइका सेवा-सुविधाहरु सुरक्षित गर्न उपेक्षित वर्गका मानिसहरुको अधिकारलाई प्रवर्द्धन गर्ने साझेदारी संघ-संस्थाहरुसँगको सहचार्य सुनिश्चित गरिन्छ । साथै पानी र सरसफाइको क्षेत्रमा योगदान गर्ने पक्षलाई अधिकतम रुपले प्रभावकारी गराउन रणनैतिक रुपमा साझेदारहरुको छनौट गरिन्छ ।
- वाटरएडका राष्ट्रिय कार्यक्रममा पानी र सरसफाइको सन्दर्भमा समानता र समावेशीकरणको विषयमा नियमित छलफल तथा तालीमका कक्षाहरु सञ्चालन हुन्छन् । साथै यस प्रकारको छलफल तथा तालीम सीमान्तकृत वर्ग-समुदायसँग काम गर्ने अन्य सरोकारवालाहरुसँग पनि गरिन्छ ।
- वाटरएडले सरसफाइ सम्बन्धि साझा किसिमका सन्देशहरु तयार गर्छ र ती सन्देशहरु पानी र सरसफाई तथा एच.आई.भि./एड्स सम्बन्धि कार्यक्रमहरुमा प्रयोग गरिन्छ ।

१२. पानी र सरसफाइको विषयलाई अन्य क्षेत्रसँग एकीकृत गरेर लैजाँदा विकासको प्रक्रिया र त्यसको प्रतिफल पाउनमा कसरी समतमूलक र समावेशी बनाउनको लागि योगदान पुऱ्याउन सकिन्छ भन्ने कुरा वाटरएडका सबै कार्यहरुले देखाउँछ ।

- एच.आई.भि./एड्स, अपाङ्ग जस्ता अन्य क्षेत्रहरुमा पानी र सरसफाइ सम्बन्धी सेवा-सुविधामा भएका रोकावट वा कमी कमजोरीलाई कसरी सम्बोधन गर्नेवारेमा बिश्लेषण गर्ने विषय पनि विकासका प्रक्रियाहरुको रणनीतिमा समावेस गरिन्छ ।
- सबै किसिमका सार्वजनिक नीति सम्बन्धी काम तथा अभियानले समानता र समावेशीकरणलाई त्यस देशको परिप्रेक्ष्यमा जहाँ जसरी उपयुक्त र सान्दर्भिक हुन्छ त्यसरी सम्बोधन गर्छ ।
- हाम्रा सबै कार्यहरुले सीमान्तकृत वर्गको अधिकारसँग प्रासङ्गिक संयुक्त राष्ट्रसंघका सबै सभा-सम्मेलनबाट पारित सन्धी-सम्झौताहरुलाई सम्मान गर्दै त्यसको भावना र मर्मलाई समेटेको हुन्छ । साथै पानी र सरसफाइमा जहाँ सान्दर्भिक हुन्छ त्यहाँ बहस पैरवीको लागि यसको प्रयोग गरिन्छ ।
- विद्यालयमा गरिने पानी र सरसफाइका सबै कार्यहरुले समावेशीकरण मानवीय विकासको लागि एउटा अत्यावश्यक तत्व हो भन्ने कुराको प्रवर्द्धन गर्दछ ।

रणनैतिक उद्देश्य नं. ४ को लागि मापदण्डहरु

१३. वाटरएडले लिङ्ग, अपाङ्ग, एच.आई.भि. एड्स, कामवासना, बाल सुरक्षा र जोखिम गराउने अन्य पक्षहरु, उपेक्षा, भेदभाव लगायतका विविधताको सम्बन्धमा विश्वव्यापी तथा राष्ट्रिय स्तरमा संगठनात्मक नीतिहरु तयार गर्छ ।

- विविधताको विषयलाई सम्बोधन गर्नेगरी वाटरएडको पद्धति विकास गर्नमा सकारात्मक प्रगति भईरहेको छ ।
- लिङ्ग, अपाङ्ग, उमेर, एच.आई.भि./एड्स, कामवासना, बाल सुरक्षा एवं अन्य आवश्यक क्षेत्रमा समावेशीकरणलाई सुनिश्चित गर्ने सांगठनिक नीति सबै कर्मचारीहरुले थाहा पाउने छन् ।

१४. समानता र समावेशीकरणको वारेमा वाटरएडका सबै कर्मचारीहरुले बुझ्नेछन् र वास्तविक जीवनमा यसको प्रयोग कसरी गर्न सकिन्छ भन्ने कुराहरु सम्बोधन गर्ने पक्षलाई समेत ध्यान दिंदै यस विषयलाई सबै प्रकारको तालीममा र सेवा प्रवेश गोष्ठिमा समावेश गरिन्छ ।

- समानता र समावेशीकरणको विषयवस्तु नेतृत्व विकास र व्यवस्थापन सम्बन्धी सबै प्रकारका तालीम र सेवा प्रवेश गोष्ठिहरुमा समावेश गरिन्छ ।
- आवश्यकता अनुसार समानता र समावेशीकरण सम्बन्धी बिशेष तालीम पनि दिइन्छ ।
- अपाङ्गता, उमेर र लैङ्गिकतासम्बन्धी सचेतनामूलक तालीम सबै कर्मचारीहरुको लागि बाध्यात्मक नै हुन्छ ।
- सीमान्तकृत वर्गका मानिसहरुसँग काम गर्दा कर्मचारीहरु संवेदनशिल र विश्वस्त हुन्छन् ।

१५. कामदारहरुको जनसाँख्यिक विवरण जस्तै उमेर, लिङ्ग, जात, धर्म, रिती-रिवाज, आर्थिक अवस्थाको बिश्लेषण गरिन्छ र यसलाई कर्मचारी भर्ना नीति र प्रक्रियामा प्रयोग गरिन्छ । न्यायसङ्गत नभएका रोजगारीका बाधा-अडचनहरु पहिचान गरिन्छ र हटाइन्छ । नयाँ कर्मचारी भर्ना गर्दा र सेवा प्रवेश गराउँदा समानता, समावेशीकरण र अधिकार सम्बन्धी प्रतिबद्धतालाई व्यवहारमा लागू गरिन्छ ।

- हरेक देशले कामदारहरुको संयोजन गर्दा ती व्यक्तिहरुको लिङ्ग, उमेर, अपाङ्ग र देश बिशेषको परिप्रेक्ष्यमा सान्दर्भिक हुने अन्य मापनहरु जस्तै- जनजाती, धर्म, अल्पसँख्यक जाती अनुसार समावेश भए नभएको वारेमा समेत बिश्लेषण गरेको हुन्छ ।
- कर्मचारी भर्ना गर्दा न्यायसंङ्गत नभएको, न्यून प्रतिनिधित्व भएको जस्ता पक्षहरुलाई सम्बोधन गर्ने गरी हरेक देशको एउटा योजना हुन्छ र त्यसवारे भए गरेका कार्यहरुको प्रतिवेदन माथिल्लो निकायमा पठाउनु पर्छ ।
- कर्मचारी भर्ना प्रक्रियाहरु समावेशी हुन्छन् ।
- सबै कर्मचारीहरुको कार्य विवरणमा समानता र समावेशीकरणको सन्दर्भ साथमा रहेको हुन्छ ।
- अपाङ्ग व्यक्तिहरुलाई रोजगार दिने विषयलाई संगठनको सबै तहमा नै प्रवर्द्धन गरिन्छ ।
- वाटरएडलाई समतामूलक र सीमान्तकृत वर्गका मानिसहरुको लागि समावेश हुन पाउने र त्यसमा पहुँच हुन सक्ने रोजगार दाताको रुपमा हेरिन्छ ।

१६. उपेक्षित र सीमान्तकृत जनताहरुको लागि पहुँच योग्य बनाउने र तिनीहरुको प्रतिनिधित्व हुने वारेमा उल्लेख गरिएको वाटरएडको निर्देशिका संचारका सबै आन्तरिक तथा बाह्य माध्यमहरुमा प्रयोग गरिन्छ ।

- सबै सन्देश एवं फिल्म, फोटोहरु संचारका सबै आन्तरिक तथा बाह्य माध्यमहरुमा राखिन्छन् । यसलाई संगठनका सबै दस्तावेजहरु जस्तै- नीति, आर्थिक कोष बृद्धि गर्न तयार गरिएको पत्र वा प्रस्ताव, अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिन्छ । यसबाट वाटरएडको काममा सीमान्तकृत वर्ग-समुदाय वारेको दृष्टिकोण प्रतिबिम्बित हुन्छ र सोही अनुसार अधिकारमा आधारित पद्धतिको प्रयोग पनि एकैनासले हुन्छ ।
- सन्देश, जानकारीको प्रचार-प्रसार गर्दा वाटरएडको पहुँच सम्बन्धी निर्देशिका प्रयोग गरेर सञ्चारका सबै माध्यमहरुले सबैभन्दा उच्चस्तरको मापदण्ड कायम गरी सबै वर्गसम्म यसको पहुँच हुनसक्ने कुरा सुनिश्चित गर्छन ।

- आर्थिक कोष बृद्धि गर्ने सामग्री, सूचनामूलक कथाहरु जस्ता आन्तरिक सञ्चारमा सीमान्तकृत वर्गका व्यक्तिहरुको अनुभव र तिनीहरुको आवाजलाई स्पष्ट रुपमा प्रतिनिधित्व भएको हुन्छ ।
- सीमान्तकृत वर्गका व्यक्तिको फोटो खिच्दा, कुनै व्यक्ति वा परिवार बिशेषको वारेमा अध्ययन गर्दा मञ्जुरीनामा लिने र तिनीहरुले व्यक्तगरेका विचार, भावना, अनुभवलाई गोप्य रुपमा राख्ने जस्ता नैतिक मापदण्डहरु सदैव नै अपनाइन्छ ।

१७. नेतृत्व गर्ने व्यक्तिको व्यवहार र कार्य विवरण, कार्यसम्पादनको व्यवस्थापन र व्यक्तिगत विकासका योजनाहरुमा समानता र समावेशीकरण प्रतिको प्रतिवद्धता र जवाफदेहिता झल्किन्छ ।

- कामदारहरुमा विविधता हुने र न्यून सँख्यामा प्रतिनिधित्व भएका समूहहरुलाई समर्थन हुने प्रकारको नीति निर्माण गरिएको हुन्छ र सोही बमोजिम त्यसको कार्यान्वयन पनि गरिन्छ ।
- कार्यसम्पादन सम्बन्धी व्यवस्थापनका उद्देश्यहरुमा समानता र समावेशीकरणको विषयवस्तुलाई समेत उल्लेख गरिएको हुन्छ ।
- लैङ्गिक भिन्नता वा अपाङ्ग भएको कारणले ती कामदारहरुको काम र अन्य व्यक्तिको काममा कुनै उल्लेखनीय फरक हुदैन ।

१८. समानता र समावेशीकरणको वारेमा सिकेका विषयवस्तुलाई वाटरएडका सबै कर्मचारीहरु र साझेदारहरु समक्ष सक्रियताका साथ प्रचार प्रसार गरिन्छ ।

- सान्दर्भिक हुने सबै प्रकारका अनुसन्धानका प्रतिवेदन र कार्यक्रमको मूल्याङ्कन सम्बन्धी प्रतिवेदन वाटरएडको ज्ञानमूलक जालमा *(वाटरएडको सूचिकृत प्रतिवेदनहरु, अनुसन्धानको प्रतिवेदन, कार्यक्रमको मूल्याङ्कन प्रतिवेदन, विषयवस्तुको वारेमा गरेको छलफलको निचोड, लेख-रचना प्रकाशित पुस्तिका)* सूचिकृत गरेर राखिन्छ, परिणामस्वरुप ती सामग्रीहरु सबैले सजिलैसँग हेर्न-पढ्न सक्छन् ।
- समानता र समावेशीकरण सम्बन्धी भए-गरेका कामहरुको अनुभवबाट सिकेका पाठहरु आदान-प्रदान गर्न र प्रवर्द्धन गर्न त्यसको स्रोत उल्लेख गरिन्छ ।
- असल व्यवहारका उदाहरणहरुलाई वाटरएडको वेभसाइटमा राखेर सार्वजनिक रुपमा उपलब्ध गराइन्छ ।

१९. कार्यालयहरुबाट उपलब्ध हुने सेवाहरुको पहुँचको लेखापरीक्षण गरिन्छ ।

- सम्भव भएका ठाउँमा, वाटरएडका सबै कार्यालयहरुबाट उपलब्ध गराउने सेवाहरुको पहुँचको लेखापरीक्षण अपाङ्गहरुका स्थानीय संघ-संस्थाहरुबाट गरिन्छ ।
- संगठनको स्वीकृत मापदण्ड अनुसार कार्यालयहरु सबैको पहुँच हुने स्थानमा हुन्छन् ।

भाग ३

शब्दावली तथा उदाहरणहरुको व्याख्या

१. शब्दावलीको व्याख्याः उपेक्षा गर्नु, सीमान्तकृत, जोखिममा पर्न सक्ने, समावेशीकरणका सामाजिक नमूना

जुन संसारमा हामी बाँचीरहेका छौ त्यहाँ नै कुनै पनि तहमा समानता छैन् भन्ने कुराको महसुस गराउँदै पानी र सरसफाइ सम्बन्धी सेवा-सुविधाको पहुँचमा बृद्धि गरेर गरिबी उन्मूलन गर्नको लागि वाटरएड प्रयन्तरत छ । मानिसहरुको कुनैपनि समूह भित्र शक्ति, साधन-स्रोत र अवसरहरुको बाँडफाँड समान रुपले गरिँदैन । त्यसकारण गरिब देश, गरिब क्षेत्र, गरिब समुदाय वा गरिब घरपरिवारलाई मात्र लक्षित गरेर यो पर्याप्त हुदैन । यसको लागि हामीले हरेक तहमा धेरै नजिकबाट हेर्नु जरुरी हुन्छ । हरके तह भन्नाले यी पक्षहरुलाई बुझ्नु पर्दछ : पानी र सरफाइबाट उपेक्षित को-को भएका छन् ? यस्तो कुरा कहाँ र किन भईरहेको छ ? पानी र सरसफाइको सन्दर्भमा तिनीहरुका के-कस्ता प्रकारका भिन्न-भिन्न आवश्यकताहरु छन् ? ती मध्ये कुन-कुन आवश्यकताहरु प्राथमिकतामा पर्दछन् ? र वाटरएडका कार्यक्रमहरुमा तिनीहरुलाई अहिले र भविष्यमा कसरी प्रतिबिम्बित गर्न सकिन्छ ?

यस ढाँचाको यो भागको उद्देश्य भनेको पानी र सरसफाइको सन्दर्भमा सीमान्तकृत, जोखिममा रहेका र उपेक्षित मानिसहरु भनी उल्लेख गरेको कसलाई हो भन्ने वारेमा बुझाउनु हो ।

उपेक्षा गर्नु र सीमान्तकृत

पानी र सरसफाईबाट केही मानिसहरु उपेक्षित हुन्छन्, किनभने त्यस गाउँ, समुदाय वा क्षेत्रमा ती सेवाहरु नै छैनन् जहाँ ती मानिसहरु बसोबास गर्छन् । केही मानिसहरु पानी र सरसफाइका सेवाबाट उपेक्षित हुन्छन्, किनभने सेवाको उपलब्धता भएतापनि तिनीहरु सेवा लिन सक्षम हुदैनन् । सीमान्तकृत हुनु वा गरिनु भनेको एउटा समाजिक प्रक्रिया हो जहाँ मानिसहरुलाई सामाजिक रुपले तल्लो तहमा सिमित गरिन्छ वा बाहिरी घेरामा राखिन्छ अर्थात तिनीहरुलाई समाजिक परिवेशमा एउटा किनारमा राख्नु हो । सीमान्तकृत व्यक्तिहरु प्रायःगरेर सामग्री प्रयोग गर्नबाट बञ्चित हुन्छन् । साथै तत्सम्बन्धी जानकारी प्राप्त गर्न, सेवा लिन, कार्यक्रम र नीतिहरुबाट नै उपेक्षित हुन्छन् । यसरी किनारा लगाइएका मानिसहरुसँग बसेर प्रायःगरेर सल्लाह गरिँदैन, निर्णयहरुमा तिनीहरुको धेरै नै कम प्रभाव परेको हुन्छ जसले गर्दा तिनीहरुमा अझबढी असर पुग्दछ, तिनीहरुका आवाज सुनिदैन र तिनीहरुलाई आफ्ना अधिकारको वारेमा माग गर्न पनि धेरै नै कठिन हुन्छ ।

सामाजिक, आर्थिक, राजनैतिक, भौगलिक र/वा वातावरणीय कारणहरुको परिणामबाट मानिसहरु पानी र सरसफाई सम्बन्धी सेवा-सुविधाहरुबाट सीमान्तकृत र उपेक्षित भएका छन् । यी कारणहरुले गर्दा मानिसहरुको जीवनमा धेरै फरक किसिमले प्रभाव पारेको हुन्छ ।

प्राय:गरेर सामाजिक कारणहरुले धेरै नै गहिरो जरा गाडेको हुन्छ र देशको सामाजिक-साँस्कृतिक मान्यता, व्यवहार र परम्परासँग गाँसिएर यसले लामो समयसम्म निरन्तरता लिन्छ। उदाहरणको लागि, अत्यन्तै विश्वाश भएको कारणले गर्दा धेरैजसो समाजमा महिनावारी भएको बेलामा महिलालाई धार्मिक र सामाजिक कार्यहरुमा बहिष्कार गरिन्छ। छारे रोग सरुवा रोग हो भन्ने विश्वास छ, इनार-धाराबाट पानी ल्याउने जिम्मेवारी महिलाको नै हो भन्ने परम्परागत धारणा कायम छ, गरिब वर्गका बृद्ध महिला बोक्सी हुन्छन् भन्ने नकरात्मक सोच पाइन्छ। यस प्रकारका विश्वाश, प्रवृति, बानी-व्यवहारलाई सम्बोधन गर्न पुरुष, महिला, बालबालिका सबैसँग काम गरेर मात्र यसमा सकारात्मक परिवर्तन गर्न सकिन्छ। नयाँ-नयाँ प्रविधीहरुले पनि सामाजमा महिला र पुरुषको भूमिकामा प्रभाव पार्नसक्छ। जस्तै- जाम्बीयामा पानी भर्ने ट्याँकीको प्रयोग गर्ने शुरुवातसँगै पानी भर्ने काममा पुरुषलाई उत्प्रेरित गऱ्यो[१२]।

आर्थिक तथा राजनैतिक कारणहरुले जनतामा विभिन्न तरिकाबाट प्रभाव पारेको हुन्छ तर यी कारणहरु छिटै परिवर्तन हुन्छन्। उदाहरणको लागि, सरकारको परिवर्तनको कारणले केही जनताहरुलाई भेदभाव गरिन्छ, तिनीहरु पानी र सरसफाईका सेवा-सुविधाबाट पनि उपेक्षित हुन्छन् जब कि अन्य वर्गका मानिसहरुको अवस्थामा तुलनात्मक रुपले सुधार आएको हुन्छ। यी कारणहरुलाई नीतिगत रुपमा सुधार गरेर र बहस पैरवी जस्ता कार्यहरुबाट सम्बोधन गर्न सकिने सम्भावना बढी हुन्छ। जस्तै- सेवा प्रदायकलाई आफ्नो कर्तव्य पूरागर्न प्रतिवद्ध गराएर र सीमान्तकृत वर्गका जनताहरुलाई आफ्ना बैधानिक अधिकारहरुको वारेमा माग गर्न शसक्त बनाएर।

यसमा भौतिक एवं भौगलिक कारणहरु ठूलै अवरोधको रुपमा प्रस्तुत हुन सक्छन् जसको परिणामस्वरुप दुर्गम स्थानमा बसोबास गर्ने जनसमुदाय, घुमन्ते-फिरन्ते व्यक्तिहरु, पशुपालकहरु उपेक्षित हुन्छन्। यी कारणहरुको लागि प्राय:गरेर प्राविधिक उपायहरु नै अपनाउनु जरुरी हुन्छ जसले गर्दा बिशेष अवस्थामा रहेका मानिसहरुको आवश्यकतालाई सम्बोधन गर्न सकिन्छ।

उपेक्षा गर्ने कुरा यदाकदा अनपेक्षित तवरले हुन्छ र यो अप्रत्यक्ष रुपमा पनि हुन सक्छ। समाजमा बढी प्रभावशाली र अधिकार प्राप्त व्यक्तिहरुले कतिपय अवस्थामा कम प्रभावशाली व्यक्तिहरुका आवश्यकता र तिनीहरुमा भएको ज्ञान सीपको वारेमा अनभिज्ञ हुन्छन्। उदाहरणको लागि, यदि अपाङ्ग व्यक्तिहरु तथा तिनीहरुका परिवारलाई पानी र सरसफाई सम्बन्धी कार्यक्रमहरुको निर्णय गर्ने कार्य-प्रक्रियामा समावेश गराउन सचेत भई प्रयास गरिएन भने तिनीहरुका सरोकारका विषयहरु अदृश्य रुपमा नै रहन सक्छन्। यस्तै अर्को उदाहरणमा, महिलाले श्रम लगाएर गर्ने पानी र सरसफाईका कामहरुको प्राय:जसो हिसाब-किताब हुदैन र महिलाको यो कामलाई पुरुषले ज्यालामा गर्ने कामको भन्दा अत्यन्तै कम महत्व दिइन्छ र कम मूल्यको हिसाब गरिन्छ। यसलाई समुदायले पनि कम रुपमा स्वीकार गरेको हुनसक्छ।

पानी र सरसफाइमा जसको नियन्त्रण हुन्छ ती व्यक्तिहरुले जाना-जानी त्यसमा अरुलाई पहुँच हुन दिदैनन्। यस प्रकारका अवस्थाहरुमा उपेक्षा गर्नेकुरा प्रत्यक्ष तवरले स्पष्टसँग विचार गरेर नै प्रयोगमा ल्याइएको हुन्छ।

उपेक्षित वा उपेक्षा गरिनुका जे-जस्ता कारणहरु भएतापनि यसको परिणाम एउटै हुन्छ। जस्तै- पानी र सरसफाइमा केही वर्ग-समुदायका मानिसहरुको अधिकारलाई स्वीकार गरिएको हुदैन। त्यसैले जुन समाजका मानिसहरु सीमान्तकृत भएका छन् र पानी र सरसफाइका सेवा-सुविधाबाट उपेक्षित गरिएको छ, तिनीहरुका आवाजहरु सुनिन्छन्, तिनीहरुका अधिकारलाई अस्वीकार गरिदैनन् भन्ने कुरा सुनिश्चित गर्न बिशेष ध्यान दिन जरुरी हुन्छ।

१२. Sally Sutton (2001) Zambia WEDC Conference paper, http://wedc.lboro.ac.uk/conferences/pdfs/27/Sutton.pdf

भेदभाव र उपेक्षाको विषयलाई सम्बोधन गर्न वाटरएडका कर्मचारी तथा साझेदारहरुमा तत्सम्बन्धी चेतना र सीपको विकास गर्नु जरुरी हुन्छ। यसले तिनीहरुमा भएको पूर्वाग्रही धारणावारे आफैलाई प्रश्न गरेर सोध्न सिकाउँछ र कामको सन्दर्भमा तिनीहरुले गर्ने भेदभावलाई स्वीकार गर्नसक्ने बनाउँछ। साथै सुविधाविहिन वर्गका मानिसहरुलाई पनि सहयोग गर्न जरुरी हुन्छ जसले गर्दा तिनीहरुले आफ्ना अधिकारहरुको वारेमा दृढभएर ठोकुवाका साथ माग राख्न सक्छन् र भेदभाव गरी संस्थागत रुपमा उपेक्षा गर्ने सवालहरुलाई सम्बोधन गर्न नीतिमा नै परिवर्तन गर्ने र बहस पैरवी गर्ने जस्ता कामहरु गर्न सक्छन्।

उपेक्षा शक्तिसँग जोडिएको पक्ष हो। उपेक्षा प्रायःगरेर शक्तिको गतिशिलतासँग गाँसिएको हुन्छ र यो समाज, परिवार, समुदाय र संस्थागत संरचना भित्रका विभिन्न तहमा भएको हुन्छ, जहाँ हामीले काम गरेका हुन्छौं। त्यसैले हामी वाटरएड, साझेदार, समुदाय, सरकार लगायत अन्य सरोकारवालाहरुमा के कस्तो शक्ति छ, कत्तिको सामर्थ्य छौं भन्ने वारेमा पनि सचेत हुनु जरुरी छ। उपरोक्त सबै कुराहरुले हाम्रो परियोजनामा असमानता र उपेक्षालाई सम्बोधन गर्न सक्ने क्षमतामा प्रभाव पार्दछ।

जोखिममा पर्न सक्ने र गरिबी

जोखिम अवस्थामा रहेका मानिसहरु ती हुन् जो सबैभन्दा बढी संकटग्रस्त हुन्छन्, किनभने तिनीहरुमा बाह्य डर-त्रासलाई सामाना गर्ने क्षमता निकै नै कम हुन्छ।

यसले तिनीहरुलाई बिशेष गरेर पानी र सरसफाईको कमीबाट हुने नकारात्मक परिणामको जोखिममा पार्दछ, जसमा पानी र सरसफाइसँग सम्बन्धित रोगहरु पर्दछन्। तसर्थ पानी र सरसफाई सम्बन्धी कार्यक्रमहरुले ती वर्गलाई बिशेष रुपमा ध्यान दिनु जरुरी हुन्छ। जोखिम अवस्थामा रहेका मानिसहरुमा धेरै कम उमेरका बालबालिका, बृद्ध-बृद्धा, दीर्घ रोगी, अपाङ्ग अवस्थामा जीवन विताईरहेको व्यक्तिहरु, र सामाजिक रुपले उपेक्षित अन्य व्यक्तिहरु पर्दछन्।

गरिबी, उपेक्षा र जोखिममा हुने विषय बीच अन्योन्यास्रित सम्बन्ध गाँसीएको हुन्छ र यिनीहरुलाई एक अर्कोबाट छुट्याउनै सकिदैन। दीर्घकालिन गरिबी अवस्थामा रहेका मानिसहरुलाई प्रायःगरेर सुरक्षित पानी, सरसफाइ, शिक्षा, स्वास्थ्य लगायत अन्य सामाजिक सेवाहरुको अभाव भईरहेको हुन्छ। तिनीहरु कमजोर वातावरणीय अवस्था भएको स्थानमा बसोबास गर्छन्। यी सबै कारणहरुले गर्दा तिनीहरु पानी र सरसफाइको कमीबाट हुने नकारात्मक परिणाम भोग्नुपर्ने जोखिममा अझबढी मात्रामा पर्दछन्, फलस्वरुप तिनीहरु अझबढी गरिबी हुनेतर्फ धकेलिन्छन्। शहरीकरण, मौसमी परिवर्तन र जनसँख्या बृद्धि जस्ता विश्वव्यापी चुनौतीहरुको कारणले गर्दा पहिले देखि नै जोखिम अवस्थामा रहेका मानिसहरु अझबढी चपेटामा पर्दछन्।

उपेक्षित/समावेशीकरणको सामाजिक नमूना

सीमान्तकृत मानिसहरुलाई प्रभावकारी सहभागिता हुनबाट रोक्ने बाधा-अड्चनहरुलाई निर्मूल गर्नमा यो "सामाजिक नमूना" केन्द्रित हुन्छ। यो नमूना अपाङ्गहरुको आन्दोलनबाट विकसित भएको थियो। तर पानी र सरसफाईबाट उपेक्षित अन्य वर्ग-समुदायहरुले भोगेका समस्याहरुको सन्दर्भमा पनि यो नमूना लागू हुन्छ। यो नमूनाले समावेशीकरणमा मूख्य गरेर तीनवटा अवरोधहरु रहेका हुन्छन् भनेर पहिचान गरेको छ :

- **प्रवृतिगत अवरोध** *(समाजका केही वर्गका मानिसहरुद्वारा त्यही समाजका अन्य मानिसहरुप्रति राख्ने नकारात्मक दृष्टिकोण)*।

पूर्वाग्रही हुनु, अनुग्रहित हुनु, छुट्याउनु, बढी मात्रामा सुरक्षित गर्नु, कलङ्क लगाउनु, गलत जानकारी दिनु र परिवारलाई लज्जित गराउनु जस्ता अवरोधहरु यसमा पर्दछन् ।

- **वातावरणीय अवरोध** *(भौतिक अवस्था, पहुँचको लागि पूर्वाधारको व्यवस्था र सुविधा, सञ्चार सम्बन्धी सवालहरु)*।

  यसमा प्राकृतिक वातावरणको कारणबाट भएका बाधा-अवरोधहरु जस्तै- बाटो अप्ठ्यारो हुनु, धेरै टाढा हुनु, भिरालो परेको नदी-खोलाको तट हुनु, माटो-हिलो भएको कुवा-इनार जस्ता अवरोधहरु पर्दछन् । साथै मानव निर्मित वातावरणको कारणबाट हुने बाधा-अवरोधहरुमा धेरै खुटकिलाहरु हुनु, साँघुरो प्रवेशद्वार हुनु, ढलान गरेको ठूलो प्लेटफर्म हुनु, सरसफाई सम्बन्धी शिक्षामूलक सन्देश भएका दृश्य सामग्रीहरु पर्दछन् जुन आँखा देख्न नसक्ने व्यक्तिहरुको पहुँचमा हुदैन ।

- **संस्थागत/संगठनात्मक अवरोध** *(सामाजिक, कानुनी, शैक्षिक, धार्मिक, राजनैतिक अवरोध तथा विकाससँग सम्बद्ध संघ-संस्था, वाटरएड र साझेदारहरु एवं अन्य संगठनहरुमा व्यवस्थित रुपमा नै उपेक्षा गर्ने वा अपहेलना गर्ने)*।

  यसमा उपयुक्त नीति र रणनीतिको अभाव हुनु, ज्ञान, सीप, जानकारी एवं सर-सल्लाह/परामर्श गर्ने संयन्त्रको अभाव हुनु जस्ता अवरोधहरु पर्दछन् ।

  उपेक्षित वर्गहरुको लागि यी सबै बाधा-अवरोधहरु कमगर्न पानी र सरसफाई सम्बन्धी सेवा-सुविधा प्रदान गर्नमा संलग्न हरेक व्यक्तिको भूमिका रहेको हुन्छ ।

२. पानी र सरसफाइको सम्बन्धमा सीमान्तकृत समूहहरुको उदाहरणहरु

विभिन्न कारक तत्वहरुले गर्दा हरेक व्यक्तिको आ-आफ्नै पहिचान बनेको हुन्छ । जस्तै- लिङ्ग, उमेर, अपाङ्गता, जात-जाती, भाषा, धर्म, आदि । ती सबै कारक तत्वहरुको परिणाम स्वरुप भिन्न-भिन्न परिवेशमा भिन्न-भिन्न मानिसहरुलाई पानी र सरसफाइ सम्बन्धी सेवा-सुविधाको पहुँच हुनबाट किनारा लगाउने र उपेक्षा गर्ने सम्भावना बढी हुन्छ । प्रायःगरेर समाजमा उपेक्षित हुने वर्गहरुमा महिला, बालबालिका, अपाङ्ग व्यक्ति, बृद्ध-बृद्धा, एच.आई.भि./एड्स लगायत अन्य दीर्घ रोगीहरु, कुनै निश्चित जातका मानिसहरु, अल्पसँख्यक जन-जातीहरु, आदिवासी, धर्म-सम्प्रदाय, र टाढा-टाढा दुर्गम स्थानमा बस्ने समुदाय पर्दछन् । समलिङ्गी, यौनिक तथा लैङ्गिक वर्ग (हिजडा), अवैधानिक रुपले बसोबास गर्ने, विस्थापित, यात्रुवर्ग, गाई-भैंसी भेडा-बाख्रा चराउने पशुपालक, कुनै निश्चित पेशा अपनाएका व्यक्तिहरु समेत धेरैजसो परिवेशमा उपेक्षित हुने सम्भावना हुन्छ । यिनै तथ्यहरुलाई दृष्टिगत गरी वाटरएडले पानी र सरसफाईका सेवाहरुको प्रावधानमा भईरहेका असमानतावारे प्रकाश पार्दै ती असमानताहरु कम गर्नमा उल्लेख्य रुपमा योगदान पुऱ्याउने उद्देश्य राखेको छ ।

महिला

जैविक रुपले महिलाको सन्तान उत्पादन गर्ने भूमिका हुने भएकोले पानी र सरसफाइका सवालहरुले बिशेषगरी महिलाहरुलाई बढी असर गर्दछ । उदाहरणको लागि, रजस्वला भएको अवस्थामा सरसफाइ गर्ने सुविधाको अभावमा संक्रमण हुने सम्भावना हुन्छ, गोपनियता कायम नहुँदा सामाजिक मर्यादा हराउने डर हुन्छ, र शिक्षाको पहुँचमा रोकावट आउँछ । त्यसैगरी जब महिलाहरु बृद्ध हुँदै जान्छन् तब तिनीहरुलाई दीर्घकालिन स्वास्थ्य समस्याहरु हुन्छन । यस्तो हुनुमा स्वास्थ्य सेवाको कमी, धेरै बच्चा जन्माउने, रजस्वला रोकिने जस्ता कारणहरु पर्दछन् जसले गर्दा तिनीहरुको स्वास्थ्य झन-झन बिग्रिदै जान्छ । घरपरिवार स्तरमा भएको सरसफाइको दयनीय अवस्थाले मातृ मृत्यु गराउन र बालबालिका हुर्काउनमा धेरै नै असर पर्नसक्छ । पानीको लागि महिलाहरु धेरै टाढा जानुपर्ने भएमा वा गोपनियता कायम हुनेगरी सरसफाइको सुविधा नभएमा तिनीहरु आक्रमणमा पर्न सक्छन् र यौन दुराचारमा समेत पर्न सक्छन् ।

पानी र सरसफाइका सवालहरुले महिला र पुरुषको लैङ्गिक भूमिकामा पनि असर गर्छ । उदाहरणको लागि, बालबालिकाको हेरचाह गर्ने, पानी भरेर ल्याउने जिम्मेवारी प्रायःगरेर महिलाको हुन्छ र घरयासी सरसफाइ गर्ने जिम्मेवारी पनि पहिलो रुपमा महिलाले नै सम्हालेका हुन्छन् । परिणाम स्वरुप महिलाले प्रायःजसो पैसा तिर्नु नपर्ने किसिमका श्रमहरु गर्दछन् र यी सबै पानी र सरसफाईसँग सम्बन्धित छन् । पानी र सरसफाई सम्बन्धी कार्यक्रमहरुको योजना तर्जुमा गर्न र त्यसको व्यवस्थापनमा महिलाहरुलाई महत्वपूर्ण भूमिका दिइयो भने ती कार्यक्रमहरु धेरै प्रभावकारी हुन्छन् र दिगो पनि हुन्छन् भन्ने कुरा पहिले देखि नै स्वीकार गरिएको विषय हो । यसरी पानी र सरसफाई सम्बन्धी समितीमा महिलाहरुलाई सहभागी गराउँदा उनीहरुलाई अर्को बोझ समेत थपिन्छ ।

समाजमा प्रायःगरेर महिलाहरु भेदभावबाट पिडित हुन्छन् र तिनीहरुलाई किनारा लगाइन्छ । निश्चित वर्ग-समूदायका महिलाहरु अझबढी पिडित हुन्छन् । प्रायःगरेर धेरै देशहरुमा विधवा महिलाहरु कलङ्कित हुन्छन् र विकास सम्बन्धी क्रियाकलापहरुमा तिनीहरुलाई उपेक्षा गरिन्छ । त्यस्तै बृद्ध महिलाहरु पनि अपमानित हुन सक्छन् । बिशेष गरेर अतिगरिब घरपरिवारका बृद्ध महिलालाई बोक्सी भनेर आरोप लगाइन्छ, तिनीहरु माथि आक्रमण गरिन्छ र तिनीह्रुले घरबाट निस्कासन हुनुपर्ने जस्ता परिणाम समेत भोग्नु पर्दछ ।

पानी र सरसफाइका कार्यक्रमहरुले महिलाका पानी र सरसफाई सम्बन्धी तात्कालिक एवं व्यवहारिक आवश्यकताहरुलाई सम्बोधन गर्नु पर्दछ । साथै दीर्घकालिन परिवर्तन गर्न तिनीहरुको स्वास्थ्यको स्थिति र गरिबीको अवस्थामा दिगो रुपमा सुधार गर्न जरुरी हुन्छ । यसको लागि महिला विरुद्धको भेदभाव अन्त्य गर्ने विषयलाई सम्बोधन गर्न महिलाहरुलाई सघाउनु पर्दछ । आफ्नो जीवन माथिको अधिकार स्थापित गर्न र न्यून मात्रामा भएका स्रोतहरु माथि भएपनि नियन्त्रण गर्न पाउने तिनीहरुको अधिकारको प्रवर्द्धन गर्नु पर्दछ । समग्रमा यसको अर्थ, महिलाहरुलाई आफ्ना हक-अधिकारहरु दाबी गर्न शसक्तीकरण गर्नु हो र यो विषयलाई संयुक्त राष्ट्रसंघको महिला विरुद्धहुने सबैखाले भेदभावको उन्मूलन गर्ने महासभा (सि.ई.डि.ए.डब्लू-सिडअ)मा स्पष्ट रुपमा उल्लेख गरिएको छ[१३] । यसलाई अर्को अर्थमा बुझ्ने हो भने लैङ्गिक विभेदता, उमेरको आधारमा गरिने भेदभाव र सामाजमा रहेको यस्तै अन्य चुनौतीहरुलाई सामना गर्न पुरुष र महिला सँग-सँगै मिलेर काम गर्नु पनि हो । हुनत अझैपनि काम गर्ने ठाउँमा लैङ्गिक विभेद गर्ने प्रचलन प्रायः सबै समाजमा कायम छ । तसर्थ नीति, संयन्त्र र तालीमहरु सबै भेदभाव सम्बन्धी प्रवृति र व्यवहारलाई सम्बोधन गर्ने माध्यमहरु हुन्छन् ।

बालबालिका

पानी र सरसफाइ सम्बन्धी कार्यक्रमहरुको लागि केटा र केटी दुबै मूख्य सरोकारवाला हुन् । संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धीको दफा नं. २४मा बालअधिकार (यु.एन.सि.आर.सि.)को सन्दर्भमा सुरक्षित पानी र सरसफाईको अधिकारवारे स्पष्ट रुपमा उल्लेख गरेको छ[१४] ।

१३. http://www.un.org/womenwatch/daw/cedaw/
१४. http://www.unicef.org/crc/

पानी र सरसफाइ अवस्था ठीक नहुँदा बच्चाको स्वास्थ्यमा धेरै नै गम्भिर असर पारेको हुन्छ र यसले दुरगामी असर पुऱ्याउँछ । न्यून आयस्रोत भएका ठाउँमा बसोबास गर्ने बालबालिकाहरु बिशेषगरी पानी र सरसफाइको अवस्था दयनीय भएको कारणबाट हुने रोगहरुको जोखिममा परेका हुन्छन् जसमा मूख्य गरेर झाडा-पखाला सम्बन्धी रोगहरु, पेटमा पर्ने जुका, छाला सम्बन्धी रोगहरु, ट्रक्रोमा, टाइफाइड, र हेपाटाइटिस ए पर्दछन् । यी रोगहरुको कारणले गर्दा बालबलिकाहरुको शारीरिक र मानसिक विकासमा असर पर्दछ, कुपोषित हुन्छन्, कम उमेरमा मृत्यु हुन्छ र शैक्षिक स्तर कमजोर हुन्छ । विश्वमा हरेक वर्ष झाडा-पखाला सम्बन्धी रोगहरुको कारणले ४ अरब दिन बालबालिकाको विद्यालय जान छुट्छ भन्ने अनुमान छ[१५] ।

बालबालिकाहरु मध्ये बिशेष गरेर केटीहरुलाई प्रायःजसो पानी र सरसफाइका कामको बोझमा लगाइन्छ जस्तैः पानी बोकेर ल्याउने इत्यादि । यसको परिणाम स्वरुप तिनीहरु शिक्षाबाट बञ्चित हुन्छन् र अन्ततः तिनीहरुको आर्थिक तथा सामाजिक विकासका अवसरहरु पनि सिमित हुन्छन् । विद्यालयमा पानी र सरसफाईको पर्याप्त सुविधा नहुँदा बालबालिकाहरुलाई शिक्षा प्राप्त गर्नमा बाधा पुगेको हुन्छ । किनभने जब विद्यालयमा पानी र सरसफाई सम्बन्धी तिनीहरुका आवश्यकताहरु पूरा हुदैनन्, तब किशोरीहरु रजस्वला भएको बेलामा विद्यालयमा आउँदैनन् ।

बालबालिकाहरु एउटा छुट्टै वर्गमा पर्दछन् । उनीहरुका लागि पानी र सरसफाइ सम्बन्धी तात्कालिन र दीर्घकालिन आवश्यकताहरु हुन्छन् जुन कुरा तिनीहरुको लिङ्ग, उमेर र बिशेष परिस्थितिमा निर्भर हुन्छ । तर समुदायमा तिनीहरुका आवाजहरु विरलै सुनिन्छन् । पानी र सरसफाइका सवालहरुलाई सम्बोधन गर्ने किसिमका कार्यक्रमहरुको रुपरेखा तयारगर्दा बालबालिकाको पक्षबाट विचार गर्नु अत्यन्त जरुरी हुन्छ । बालबालिकाहरुले भविष्यको प्रतिनिधित्व गर्दछन् तसर्थ तिनीहरुको स्वास्थ्य, विकास, बुझाई र व्यवहार कस्तो हुने भन्नेको निर्धारण उनिहरुको व्यवहारले निर्धारण गर्दछ ।

अपाङ्ग व्यक्तिहरु

अपाङ्ग महिला, पुरुष र बालबालिकाहरु[१६] समाजका सबैभन्दा गरिब र सबैभन्दा जोखिममा रहेका र सीमान्तकृत वर्ग हुन् । अति गरिब पाँच जना व्यक्तिहरु मध्ये एकजना अपाङ्ग हुने सम्भावना हुन्छ । मानिसहरु गरिबीको कारणबाट अपाङ्ग हुन्छन् र अपाङ्गको कारणले गरिबी हुन्छन् । स्वास्थ्य सेवाको पहुँचको अभाव र अनुपयुक्त किसिमको स्वास्थ्य सेवा दुबै नै मानवीय जीवनको लागि खतराजनक हुन्छ

जसको परिणामले धेरैजनालाई असामर्थ्यता अवस्थामा पुऱ्याउँछ । गरिब मानिसहरु जब बृद्ध हुन्छन्, रोक्न सकिने प्रकारको अपाङ्ग हुने जोखममा तिनीहरु परेका हुन्छन् । आत्मनिर्भर भएर बाँच्ने विकल्प तथा अनुकुल प्रविधीको अभाव, शिक्षाको पहुँचको अभाव, अपाङ्गहरु प्रतिको नकारात्मक प्रवृतिले गर्दा अपाङ्ग व्यक्तिका जनजीविका अवसरहरु सिमित हुन्छन्, परिणाम स्वरुप गरिबी झन-झन बढ्दै जान्छ ।

अपाङ्गतामा पनि धेरै विविधता हुन्छ । भिन्न-भिन्न किसिमका अपाङ्ग व्यक्तिहरुले भिन्न-भिन्न किसिमका चुनौतीहरु सामना गरेका हुन्छन् । भेदभाव गर्ने र किनारा लगाउने प्रवृत्तिलाई लिङ्ग, एच.आई.भि. संक्रमण र अन्य कारणहरुले अझ जटिल बनाएको हुन्छ ।

---

१५. WaterAid (2009) Fatal neglect. How health systems are failing to comprehensively address child mortality

१६. The term “people with disabilities” is used in this framework in line with the International Convention for the Rights of Persons with Disabilities.

सबै उमेरका अपाङ्गहरुको आवश्यकतालाई सम्बोधन नगरिएसम्म पानी र सरसफाई सम्बन्धी विकासको लक्ष्य कहिल्यै पनि समान रुपले पूरा हुनसक्दैन । संयुक्त राष्ट्रसंघको महासभाबाट पारित अपाङ्गहरुको अधिकार (यु.एन.सि.आर.पि.डि.)[१७], ले पानी र सरसफाई सम्बन्धी अपाङ्गहरुको अधिकारहरुलाई स्पष्ट रुपमा उल्लेख गरेको छ र यो विषयलाई बिशेष गरेर दफा ७ मा पहुँच योग्य, दफा २८ मा स्तरीय रुपमा बाँच्ने पर्याप्त आधार, र दफा ३२ मा अन्तराष्ट्रिय सदभावको पक्षको वारेमा उल्लेख गरिएको छ । अपाङ्गहरुको लागि सबैभन्दा ठूलो समस्या भनेको वातावरणमा भएका बाधा-अवरोधहरु र तिनीहरु प्रति रहेको सामाजिक मूल्य-मान्यता हो । तर तिनीहरुमा भएको असमर्थता भने होइन । अपाङ्गको सामाजिक नमूनामा यो कुरालाई स्पष्ट रुपमा व्यक्त गरिएको छ जसलाई हाल विकाससँग सम्बद्ध अन्तराष्ट्रिय कार्यकर्ताहरुले विश्वभरी नै व्यापक रुपमा स्वीकार गरेका छन् । प्रवृतिगत, संस्थागत र वातावरणीय अवरोधहरुलाई कम गर्नमा पानी र सरसफाइ सम्बन्धी सेवाहरु उपलब्ध गराउन जिम्मेवारी लिएका सबै संघ-संस्थाहरुको मूख्य दायित्व हुन्छ ।

अपाङ्गहरुको लागि प्रायःगरेर स-साना परिवर्तनको मात्र जरुरी हुन्छ जसबाट अपाङ्ग व्यक्तिहरु समेत पानी र सरसफाइ सम्बन्धी व्यवस्थाबाट सामान्य सेवाहरु लिन सक्षम हुन्छन् । हुनत बिशेषज्ञ प्रकारको ज्ञान र सीपको महत्व अत्यन्तै छ तर ती सबै कुराहरु सधैजसो जरुरी हुन्छ भन्ने छैन् । कार्यक्रम स्वरुप तयार गर्दा अपाङ्गहरुलाई पनि संलग्न गराएमा त्यस प्रकारको पानी र सरसफाई सम्बन्धी व्यवस्थाबाट अपाङ्गहरुलाई तिनीहरुका विभिन्न आवश्यकताहरु पूरागर्न सहयोग पुग्छ भनी निश्चित गर्न सकिन्छ । उदाहरणको लागि, पानी र सरसफाई सम्बन्धी विभिन्न प्रकारका प्रविधीहरुको विकल्पलाई विचार गरेर, सञ्चारका विभिन्न माध्यमको प्रयोगबाट सरसफाई सम्बन्धी सन्देशहरु प्रसारण गरेर, सेवा प्रदायकलाई सरसफाइवारे थप तालीम दिएर । यसै सन्दर्भमा ध्यान दिनैपर्ने एउटा कुरा के छ भने, निर्माण पछि परिमार्जन गरेर अनुकुल बनाउनु भन्दा ती संरचनाहरु अपाङ्ग लगायत सबैको लागि उपयुक्त हुन्छ भन्ने कुरा योजना तर्जुमाको चरणमा निश्चित गर्न सकिएमा त्यो धेरै नै सस्तो हुन्छ ।

दृष्टि कमजोर भएका व्यक्तिहरुको दृश्यशक्ति बढाएर, तिनीहरुको प्रतिष्ठा बढाएर र आत्मविश्वाश बढाउन अभिप्रेरित गरेर तथा नीति निर्माणमा र निर्णय गर्दा सक्रिय रुपले सहभागी गराउन अपाङ्गहरुका संगठनसँग प्रायःजसो नजिक रही काम गरेर पनि अपाङ्गहरुलाई आफ्ना अधिकारहरु दावी गर्नको लागि पानी र सरसफाईका कार्यक्रमहरुले सहयोग गर्न सक्छ ।

पानी र सरसफाई सम्बन्धी सबै कार्यक्रमहरुलाई धेरै पहुँच योग्य, समावेशी, प्रयोगकर्ता-मैत्री, बृद्ध-बृद्धा, बालबालिका, गर्भवती महिला, विरामीहरु वर्गका हरेक व्यक्तिलाई समेत फाइदा हुने गरी गराउने । "सबैको लागि पहुँच हुनु नै सबैको लागि श्रेयस्कर हो"[१८] ।

अपाङ्गहरुले रोजगारको लागि धेरै बाधा-व्यवधानहरुको सामाना गर्छन् जसलाई कामगर्ने ठाउँमा सहयोग गर्ने उपयुक्त वातावरण सृजना गर्ने र भेदभाव गर्ने प्रवृतिहरुलाई हटाउने तर्फ कार्य गर्ने समावेशी किसिमका संगठनहरुले सम्बोधन गर्न सक्छन् ।

---

१७. http://www.un.org/disabilities/

१८. Participant at WaterAid international meeting on equity and inclusion, November 2009

दीर्घ रोगी भएका र एच.आई.भि./एड्स भएका मानिसहरु

विश्वमा करिब ३ करोड ३० लाख व्यक्तिहरु एच.आई.भि./एड्स संक्रमित छन् । एच.आई.भि./एड्स भएको कारणले विभिन्न रोगहरुको जोखिममा हुने, विरामी भएको कारणले गरिबी हुने, आर्थिक उत्पादन घट्ने, विरामीको रेखदेख गरीरहनु पर्ने । यसबाट टुहुरा बालबालिकाहरुको सँख्या क्रमिक रुपमा बढ्दै गएको छ र ती बालबालिकाहरुले आफ्नो हेरविचार आफैले गर्नुपर्ने अथवा बृद्ध हजुर-बुवा/हजुर-आमाले गर्नुपर्ने अवस्था सृजना भएको छ । एच.आई.भि./एड्स भएका व्यक्ति, परिवार र स्याहार-सुसार गर्ने व्यक्तिहरुलाई अपहेलना गर्ने, भेदभाव गर्ने कारणबाट तिनीहरु अझबढी सीमान्तकृत भएका छन् ।

एच.आई.भि. संक्रमित व्यक्तिलाई बचाउन र स्याहार गर्न सुरक्षित पानी र सरसफाई अत्यावश्यक हुन्छ[१९] । राम्रो किसिमको सरसफाईको बानीव्यवहार गरेमा यसले झाडा-पखाला लाग्ने सम्भावना ३०% वा सो भन्दा बढी नै घटाउन सकिन्छ, एच.आई.भि. संक्रमित व्यक्ति तथा तिनीहरुका घरपरिवारको जीवनस्तर पनि सुधिन्छ भन्ने कुरा विभिन्न अध्ययनहरुले देखाएको छ । एण्टीरेट्रोभइरल (एच.आई.भि./एड्स भएका व्यक्तिहरुको उपचारमा प्रयोग गरिने) औषधीको प्रयोगबाट संक्रमित व्यक्तिहरु केही लामो समयसम्म बाँच्न सक्छन्, तिनीहरुले सक्रिय जीवनयापन गर्न सक्छन् तर यसको लागि पोषणयुक्त खानेकुरा पर्याप्त मात्रामा खान पाउने, प्रत्येक दिन कम्तिमा १.५ लिटर सुरक्षित पानी उपलब्ध हुने जस्ता कुराहरुमा निर्भर हुन्छ[२०] ।

एच.आई.भि. संक्रमित व्यक्तिहरुलाई सुरक्षित पानी र सरसफाईको पहुँच हुन झनबढी जरुरी हुन्छ । तर तिनीहरुलाई गरिने अपहेलना एच.आई.भि. सर्ने डर-त्राससँग जोडिएको हुँदा यो कुरालाई संवेदनशील भएर सोच्नु पर्दछ । एच.आई.भि. संक्रमित व्यक्तिहरुलाई सहज हुने वातावरण भएको संघ-संस्थाहरु पत्ता लगाएर ती संस्थाहरुसँग मिलेर एच.आई.भि. संक्रमित व्यक्तिहरुलाई सहयोग पुग्ने किसिमका कार्यहरु गर्नु उपयुक्त हुन्छ । यसलाई व्यवहारिक रुपलाई हेर्ने हो भने, कुनै निश्चित वर्ग बिशेषलाई मात्र लक्षित नगरी समावेशी किसिमले समुदायका सबै मानिसहरुलाई पहुँच हुनेकुरा निश्चित हुने गरी कामहरु सबैभन्दा उत्तम तरिका हुन्छ । साथै एउटै चर्पी प्रयोग गरेर, एउटै धाराको पानी प्रयोग गरेर एच.आई.भि. सर्दैन भन्ने सन्देशहरु स्वास्थ्य शिक्षाका माध्यमहरुबाट आमजनसमुदाय समक्ष पुऱ्याएर एच.आई.भि. सर्ने सम्बन्धमा भएको गलत धारणा हटाउन सकिन्छ ।

एच.आई.भि./एड्स सम्बन्धी विश्वव्यापी, राष्ट्रिय र समुदाय स्तरीय नीति तथा कार्यक्रमहरु सबैमा पानी र सरसफाइको विषयलाई प्राथमिकता दिनु जरुरी हुन्छ । त्यस्तै स्वास्थ्य र सामाजिक सुरक्षाका कार्यक्रमहरु एच.आई.भि. संक्रमित व्यक्ति, परिवार तथा यसको महामारीबाट प्रभावित समुदाय समेतलाई केन्द्रित गरेको हुनु पर्दछ । उदाहरणको लागि, स्वेच्छिक परामर्श र परीक्षण सेवा, एच.आई.भि. संक्रमित व्यक्ति विरामी भएमा निजलाई घरमा नै राखेर गरिने स्याहार-सुसार, आमाबाट बच्चामा एच.आई.भि. सर्न रोक्ने कार्यक्रमहरुको सन्दर्भमा तयार गरिने शिक्षण सामग्रीमा समेत पानी र सरसफाईका सन्देशहरु उल्लेख गर्न सकिन्छ ।

गम्भिर प्रकारका विरामीहरु प्रति के-कस्तो नीति अपनाउने हो भन्ने वारेमा एउटा छुट्टै नीति बनाई त्यस प्रति संवेदनशिल हुन लगाएर, कर्मचारहिरुलाई एच.आई.भि.वारे चेतना अभिबृद्धि हुने किसिमका जानकारी दिएर काम गर्ने ठाउँमा एच.आई.भि. संक्रमित व्यक्तिहरुले भोग्दै आएका कठिनाईहरुलाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको हुन्छ ।

१९. Programming guidance for integrating water sanitation and hygiene improvement in HIV/AIDS programmes to prevent diarrhoea morbidity, USAID/HIP 2008. http://www.hip.watsan.net

२०. Research and Resources Linking Water, Sanitation and Hygiene with HIV/AIDS Home-Based Care. Prepared by the USAID/Hygiene Improvement Project with the WB/Water and Sanitation Program 11/29/2007

बृद्ध मानिसहरु

गरिब राष्ट्रका धेरैजसो बृद्ध-बृद्धाहरु लामो समयदेखि दरिद्र अवस्थामा बाँचेका हुन्छन् र निर्णय गर्ने विषयमा उनीहरुलाई उपेक्षित गरिन्छ। बृद्ध-बृद्धाहरु र तिनीहरुका आश्रित परिवारलाई सुरक्षित पानी र सरसफाइको पहुँच हुनुपर्ने कुरा तिनीहरुको मूख्य चासोको विषय भनी प्रायःगरेर व्यक्त गरेको पाइन्छ। सबैभन्दा गरिब राष्ट्रका ४०% देखि ६०% बृद्ध-बृद्धाहरुले पानी र सरसफाइका सेवाहरु पाएका छैनन् भनी विश्व स्वास्थ्य संगठनले अनुमान गरेको छ।

मानिसहरु लामो समयसम्म बाँच्ने वा बृद्ध हुने कुरा विकासोन्मुख देशहरुमा जहाँतही बढ्दै गएको छ र पानी र सरसफाइ सम्बन्धी सेवा-सुविधाहरुको पहुँचको अवस्था दयनीय भएका देशहरुमा यो दर सबैभन्दा धेरै छ। महिलाहरु सबैभन्दा धेरै वर्षसम्म बाँच्नेतिर उन्मुख भएका छन्। धेरैजसो बृद्ध मानिसहरु दीर्घ रोगहरुबाट र विभिन्न किसिमको असमर्थताबाट प्रभावित हुन्छन्। यसमा बिशेषगरी कानले कम सुन्ने, दृष्टि सम्बन्धी समस्या, मानसिक समस्या र हिडडुलमा कमी हुँदै जाने जस्ता समस्याहरु पर्दछन्। बृद्ध महिला र पुरुषहरु सर्ने र नसर्ने दुबै किसिमका रोगहरुको जोखिममा रहेका हुन्छन्। तिनीहरुलाई सरसफाइ सम्बन्धी अभ्यासहरु नियमित रुपमा गर्नु जरुरी हुन्छ।

घरपरिवारमा प्रायःगरेर बृद्ध-बृद्धाहरु केटा-केटीहरुको स्याहार-सुसार गर्ने, हेरविचार गर्ने तथा खाना दिनु पर्ने वर्गको रुपमा परिचित हुन्छन्। एच.आई.भि./एड्सको सन्दर्भमा कुरा गर्ने होभने यो भनाई अझबढी लागु हुन्छ। किनभने विरामी बालबालिकाहरुलाई रेखदेख गर्ने र टुहुरा नाती-नातिनाहरुको पालन-पोषण गर्ने मूख्य व्यक्तिको रुपमा तिनीहरुले काम गरीरहेका हुन्छन्। जुन घरपरिवारमा बृद्ध-बृद्धाहरुसँगै स-साना बालबालिकाहरु हुन्छन् र बालबालिकाको स्याहार-सुसार गर्ने मूख्य दायित्व पनि बृद्ध-बृद्धाको हुन्छभने ती सबैभन्दा गरिब घरपरिवार हुन् भन्ने कुरा विभिन्न अध्ययनहरुले देखाएकोछ[२१]। एच.आई.भि.बाट धेरै प्रभावित भएका अफ्रिकी देशहरुमा, ४०% देखि ६०% बालबालिकाहरु एच.आई.भि./एड्सको कारणबाट टुहुरा भएका छन्। तिनीहरु आफ्ना हजुर बुवा-हजुर आमा र परिवारका अन्य बृद्ध-बृद्धाहरुसँग बस्छन्[२२]। धेरैजसो बृद्ध-बृद्धाहरु पनि एच.आई.भि. संक्रमित भएका हुन्छन्, ए.आर.टि. (एण्टी रेट्रोभाइरल ट्रिटमेण्ट)को पहुँच बढ्दै जान्छ र तिनीहरुको संख्यामा पनि बृद्धि हुन्छ[२३]।

घरपरिवार र समुदायमा र विकाससँग सम्बद्ध परियोजनाहरुको रुपरेखा तयार गर्दा बृद्ध मानिसहरुले प्रशस्त मात्रामा ज्ञान-गुणका कुराहरु दिन सक्छन्। पानी र सरसफाइको सम्बन्धमा कुरागर्ने होभने, पानीको दीगो स्रोत पत्ता लगाउन, मौसम सम्बन्धी दीर्घकालिन अनुमान गर्न, कुनै रोग त्यस समुदायमा कहिले देखि भित्रीयो र कति धेरै मानिसहरु प्रभावित भए भन्ने वारेमा जस्तै अन्य कुराहरुको लागि तिनीहरु स्रोत व्यक्ति हुन सक्छन्। त्यसैले पानी र सरसफाइका प्रयासहरुमा तिनीहरुको अनुभवलाई समेट्नु जरुरी हुन्छ र पानी र सरसफाईका सन्दर्भमा तिनीहरुले उठाउने आवाजहरु पनि सुन्नु पर्दछ।

---

२१. Subbarao and Kaniki World Bank/IPC 2005/2007 HAI and HIV Aids Alliance Forgotten Families 2004

२२. R Monash et al (2004) Orphanhood and childcare patterns in sub-Saharan Africa: an analysis of national surveys from 40 countries, *AIDS, 18, pp 55-56* and UNICEF (2007) State of the World's Children

२३. George Schmid (2009) WHO bulletin 'The unexplored story of HIV and ageing'

दीर्घकालिन रुपमा गरिबीमा बाँची रहेका मानिसहरु

मानिसहरुको स्वास्थ्यमा प्रतिकुल प्रभाव पारेर, मानवीय कल्याण र आर्थिक उत्पादकत्वमा नकारात्मक प्रभाव पारेर पानी र सरसफाई सम्बन्धी सेवा-सुविधाहरुको पहुँचको अभावले लामो समयसम्म गरिबी हुने अवस्था निम्त्याउँछं । विगत देखि नै गरिबी अवस्थामा रहेका घरपरिवारहरुले विभिन्न प्रकारका अभावको सामाना गर्नुपर्ने सामर्थ्यता घट्छ र जीवन निर्वाह गर्ने सन्दर्भमा विभिन्न परिवेशमा उपलब्ध हुने साधन-स्रोतको उपभोग गरेर त्यसबाट फाइदा लिने क्षमता पनि घट्छ ।

गरिब राष्ट्रहरुमा प्रायः सबैजसो मानिसहरु गरिब नै हुन्छन् र ती मध्ये आम्दानी गर्ने वर्ग हुन् वा आम्दानी नगर्ने वर्ग हुन्, धेरै मानिसहरु सबै पक्षबाट अत्यन्तै गरिब हुन्छन् । दीर्घकालिन रुपमा गरिब भएका वर्ग-समुदायलाई जोड दिने भन्नुको अर्थ सामान्य रुपमा गरिब भएका भन्दा उल्लेखनीय रुपमा धेरै नै गरिब भएका घरपरिवार वा वर्ग-समुदाय पत्ता लगाउनु हो । यसबाट स्थानीय तहमा निर्धारण गरिएको न्यूनतम उपभोक्ता महसुल पनि बुझाउन नसक्ने भएर पानी र सरसफाई सम्बन्धी सेवाहरुको पहुँचबाट उपेक्षित हुनपरेको हो वा सामाजिक रुपमा उपेक्षित भएको हो भन्ने कुरा छुट्याउन सकिन्छ ।

गरिब हुनुका आर्थिक र सामाजिक पक्षहरुलाई पहिचान गर्न सक्ने प्रकारले स्थानीय परिवेशमा उपयुक्त हुने मापदण्डहरु निर्धारण गरेर धन-सम्पत्तिको तह छुट्याउने अभ्यासको प्रयोगबाट समाजका सबैभन्दा गरिब घरपरिवारहरु को-को रहेछन् भनी पत्ता लगाउन सकिन्छ । स्थानीय समुदाय, धार्मिक संघ-संस्था, सरकारी सामाजिक सहयोग संरचनाको संयुक्त प्रयासबाट त्यस गाउँ-ठाउँका अति गरिबलाई सहयोग पुऱ्याउने स्थानीय सुरक्षा जालोको संयन्त्र बनाउन सकिन्छ । तर तिनीहरुका आधारभूत आवश्यकताहरु सबै पूरागर्न यसबाट मात्र पर्याप्त हुदैन र यस प्रकारको सुविधा उपलब्ध छ भनेर धेरै मानिसहरुलाई जानकारी नै भएको हुदैन अथवा त्यसप्रति उनीहरुको विश्वाश हुदैन ।

अल्पसँख्यक र आदिवासी मानिसहरु

जातीय, राष्ट्रिय, धार्मिक, भाषिक वा अन्य साँस्कृतिक कारणले सुविधाविहिन वर्गहरु नै अल्पसँख्यक मानिसहरु हुन् । जनसमुदायमा भएका अन्य वर्गहरुको तुलनामा यिनीहरु धेरै कम सँख्यामा हुन्छन् र यो वर्गका मानिसहरुले आफ्नै पहिचान कायम राख्ने र त्यसको विकास गर्ने इच्छा राख्न सक्छन् । सीमान्तकृत समुदायहरु मध्ये अल्पसँख्यक र आदीवासी मानिसहरु सबैभन्दा धेरै सीमान्तकृत समुदायमा पर्दछन् । धेरै राष्ट्रहरुमा यो वर्गका मानिसहरुले स्वास्थ्य, शिक्षा र रोजगारका अवसरहरुमा व्यवस्थित रुपले गरिएको भेदभावको सामना गरेका हुन्छन् । तिनीहरु पूर्ण रुपमा उपेक्षित हुनेतर्फ गईरहेको छन् अथवा राजनैतिक प्रक्रियामा मात्र तिनीहरुको साङ्केतिक प्रतिनिधित्व गराइएको हुन्छ ।

पानीको पहुँचको सन्दर्भमा कुरा गर्ने हो भने, अल्पसँख्यक र आदिवासी समुदायका मानिसहरु स्थानीय तहमा गरिने निर्णय प्रक्रियामा उपेक्षित हुने अवस्थामा रहेका छन् । तिनीहरुलाई कुन ठाउँ बिशेषको मानिसहरु भनेर हिसाब गर्ने जस्ता सवाल उठाएर उपेक्षित गरिन्छ र तिनीहरुले यस प्रकारको विभेदको सामना गर्नुपर्ने हुन्छ । प्रायःगरेर तिनीहरुलाई यसरी समाजको मूलप्रवाहबाट किनारा लगाइन्छ ।

हरेक वर्ग-समुदायलाई पहुँच हुनेगरी पानीको सेवा-सुविधा छुट्याउने कार्य गर्दा पनि यो थाहा नै हुने भएकोले तिनीहरुलाई पानीको पहुँच गराउन सकिदैन भनेर सामान्य रुपमा भन्ने गरिन्छ । यदि पहिले बसोवास गर्दै आएको स्थानको आधारमा पानीको अधिकार स्थापित गरिने भएमा विस्थापित भइआएका अल्पसँख्यक मानिसहरु र आदिवासी वर्गलाई सेवाको पहुँच नहुन सक्छ । अन्त्यमा, अल्पसँख्यक र आदिवासी वर्गका मानिसहरुको आवश्यकता र तिनीहरुको व्यवहारलाई पूर्णरुपमा विचार नगरी पानी र सरसफाईका सुविधाहरुको स्वरुप तयार गरिन्छ ।

यसरी अल्पसँख्यक र आदिवासी समुदायका मानिसहरु धेरैतहमा उपेक्षित भईरहने खतरामा रहेका छन् । पानी र सरसफाईका सुविधाहरु कुन ठाउँमा राख्ने भन्ने निर्णयगर्दा पनि तिनीहरुलाई संलग्न गराइदैन । यसको परिणाम स्वरुप तत्सम्बन्धी सेवा-सुविधाका संरचनाहरु पनि अल्पसँख्यक र आदिवासी वर्गका मानिसहरु बस्ने ठाउँभन्दा बाहिर निर्माण गरिन्छ र तिनीहरुलाई उक्त सेवा-सुविधाहरुबाट उपेक्षित गर्ने सम्भावना रहन्छ वा ती सेवा-सुविधाहरुबाट तिनीहरुका आवश्यकताहरु पुराहुन सक्दैन ।

कामगर्ने ठाउँमा पनि अल्पसँख्यक वर्गका मानिसहरुले प्रायःजसो सुविधाविहिन हुन परेको र भेदभावको अनुभव गरेका हुन्छन् । निश्चित वर्गका मानिसहरुको पूर्वाग्रही प्रवृति, बानी-व्यवहार, श्रृङखलाबद्ध रुपमा गरिने भेदभावबाट यस्तो कुरा हुनसक्छ । यसैको परिणामले अन्य वर्गको तुलनामा केही निश्चित वर्गका मानिसहरुले मात्र उच्च शिक्षा प्राप्त गर्छन् र भाषा, धर्म, साँस्कृतिक चाल-चलनहरु जस्ता व्यवहारिक सवालहरु उठाएर भेदभाव गरिन्छ । तसर्थ यी कुराहरु हामी सबैले बुझ्नु जरुरी हुन्छ र त्यसलाई हरेक सन्दर्भमा उपयुक्त तरिकाले सम्बोधन गर्नु पर्दछ ।

विभिन्न परिप्रेक्ष्यमा अन्य सीमान्तकृत समूहहरु

अन्य मानिसहरु पनि विभिन्न परिप्रेक्ष्यमा सीमान्तकृत भएका हुन्छन् । प्रायःगरेर विभेद गर्ने र उपेक्षित गर्ने कार्यहरु राजनैतिक आस्था, जात, पेशा, लैङ्गिक स्वरुप, भाषा र ठाउँ बिशेषको आधारमा हुन्छ ।

वास्तवमा हरेक व्यक्ति भिन्न-भिन्न वर्गसँग सम्बन्धित हुन्छ । त्यसका कारक तत्वहरु अनुसार र हरेक व्यक्तिको पहिचान हुने हरेक अंशको परिणामबाट नै विभिन्न परिप्रेक्ष्यमा निजले धेरै वा थोरै सुविधा पाउने वा सुविधा नपाउने हुन्छ । उदाहरणको लागि, मानिसहरुको उमेर र लिङ्ग अनुसार तिनीहरुको भूमिका, आर्थिक सम्बन्धहरु, अरु माथिको अधिकार (शक्ति सन्तुलन) पनि फरक-फरक हुने भएकोले यसले शहरी र गाउँले अवस्थामा छुट्टा-छुट्टै किसिमको प्रभावहरु पार्न सक्छ । तर यस्तो हुँदा-हुँदै पनि

हरेक व्यक्तिलाई सुरक्षित पानी र सरसफाइको आवश्यकता पर्दछ र यसमा प्रत्येक व्यक्तिको उस्तै र उत्तिकै अधिकार रहेको हुन्छ ।

उपेक्षा गरिने कारणहरु र त्यसबाट निस्कने परिणामहरु भिन्न-भिन्न परिवेशमा भिन्न-भिन्न हुन्छन् । जनताका अधिकारहरुलाई परीपूर्ति गर्नको लागि हामीले सबैभन्दा उत्तम किसिमले काम गर्ने रणनैतिक निर्णय गर्नको लागि पानी र सरसफाइको सन्दर्भमा कुनैपनि अवस्था मानिसहरु विभिन्न तरिकाबाट सीमान्तकृत भएका हुन्छन् भन्ने कुरा हामीले बभ्नु जरुरी हुन्छ ।

कृतज्ञता ज्ञापन

परामर्श र वहसको प्रक्रियाबाट यो ढाँचाको विकास गरिएको हो । यसले वाटरएड भित्रका र अन्य संगठनहरुका धेरै व्यक्तिहरुको अनुभव, अठोट र विचारहरुलाई प्रतिनिधित्व गर्ने प्रयास गरेको छ । कुनै कुराको गलत प्रतिनिधित्व भएमा वा स्पष्ट हुन नसकेको भएमा लेखक पूर्णरुपमा जिम्मेवार हुनेछ । वाटरएडको तर्फबाट, म बिशेषगरी यी व्यक्तित्वहरुलाई धन्यवाद दिन चाहन्छु, जो हुनुहुन्छ- एडाम फुर्स, एडाओरा ओकेई, एड्रियन स्मीथ, एलिसन जेन्टलमेन, एलिसन म्याक्नब, एन्ड्रीउ कुक, एन नुन, आरतुर मेटाभेले, बारबरा फोर्स्ट, बेन टेयलर, कार्ला मोस, क्रिष्चियना रेण्ड्रीआनारिसोवा, क्रिष्चिन बाबिन, क्लेरिस भाग्नया, डग्नाचेउ बेलाय, डेस्टिना समानी, इमा हिप्पोलाइट, फेटुमाटा हैदरा, फिस्टोन पोनो, गिरिस मेनोन, हेइक ग्लोकनर, हेनरी नर्थओभर, हर्वर्ट केशिलिल्हा, इडा ओकिफे, इद्रिशा डौकोर, इन्दिरा खुराना, इसाबेला मन्टगोमरी, जेम्स विकेन, जेन स्कोवी, जेर्री एडाम्स, जोहन कान्दुलु, ज्वानिटा डुरिङ्ग, केटी स्पुनर, लाउरा हक्स, लौर्डेस बप्तीस्टा, लक्की लौ, लिडिया जिगोमो, महिडर तेस्फु, मन्याहलसल ऐले, मार्क फौक्स, मारगरेट बेट्टी, मार्क लोमस, मार्टा बार्सेलो, मेरी आयो, मेरी कोनेल, न्येन्सी मुकुमबुटा, गाबागहिला चट्टा, निक बण्डल, नेल्सन गोमोण्डा, ओलिभर जोन्स, ओम प्रसाद गौतम, पास्कालिन ओड्रागो, क्वारटुलेन सिद्धकी, रोना हिग्गिन्स, रोजी ह्वीन, रिना सेराजी, समन्था फ्रेन्च, साराहा दोब्सेभेग, साराहा मुज्जकी, साराहा पिके, सरिना जेसुड्यासन, सरिना प्रवासी, शमिला जान्ज, शमिम अहमद, स्पेरा अटुहैरे, स्टेफेन टो, टेगेनवर्क यीर्गा, थेरेस मेहोन, टोम पालाकुदियिल, टोम स्ल्यामेकर, युनिया मुसाजी, जिउल कविर ।

साथै अन्य संगठनका महानुभावहरु पनि धन्यवादका पात्र हुनुहन्छ- ती हुन् : अल्पसँख्यकको अधिकार समूहका कार्ल सोदेरवर्ग, कन्सर्न वर्ल्डवाइडका डेनी हार्भे, एक्सन एड इन्टरनेशनलका इभरज्वाइस वीन, वएड्क (डब्लु.ई.डि.सि.)का हेजल जोन्स, इनेट (ई.ई.एन.ई.टि.)का इन्ग्रीड लिउइस, वर्ल्ड भिजन इन्टरनेशनलका ज्याज शहवान, फ्यान (एफ.ए.एन.)का कोलीन बौचान, लण्डन २०१२ ओलोम्पिक्सका लोरेइन मार्टिन्स, कन्सलटेण्ट- लोराइन वाप्लीन, ब्रिटिश काउन्सिलका म्याग्नस सिलिङ्गसबी, कन्सलटेण्ट- मेरिलिन थोमस, वर्ल्ड भिजनका सुई को, हेल्पएज इन्सटनेशनलका सिल्भीया बेल्स, सेभ द चिल्ड्रेनका टिना हाइडर, बिपिडिका ट्रेसी केटम्यान ।

WaterAid/Layton Thompson

WaterAid

वाटरएड सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा र सरसफाइका क्षेत्रमा सुधार गरी विश्वका अति विपन्न वर्गको जीवन रुपान्तरण गर्न कार्यरत छ । यस प्रयासलाई प्रभावकारी बनाउन निर्णायकहरुको ध्यानाकर्षणका लागि हामी साझेदार संस्थाहरुसित मिलेर काम गर्छौं ।

वाटरएड
४७-४९ दुरहम गल्ली
लण्डन, एस.ई.११, ५जे.डि., यु.के.
टेलिफोन: +४४ (अफिस) २० ७७९३ ४५००
फ्याक्स: +४४ (अफिस) २० ७७९३ ४५४५
इमेल : wateraid@wateraid.org

www:wateraid.org

रजिष्टर्ड च्यारिटी नम्बर
२८८७०१ (इङ्गल्याण्ड र वेल्स)
र एस.सि. ०३९४७९ (स्कटल्याण्ड)

जनवरी २०१०